# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा भनेको वर्ण, रूप, शब्द, पदावली, उपवाक्य र वाक्यहरूको एकीकृत रूप हो, यही एकीकृत रूपले कुनै सिङ्गो सङ्कथनको रूप धारण गरेको हुन्छ र कुनै खास अभिव्यक्ति दिएर अर्थ सम्प्रेषण गरेको हुन्छ । भाषाको आधारभुत अर्थयुक्त एकाइ रूप हो र त्यस रूप एक्लैले अथवा अन्य रूपसित मिलेर (रूप, रूप मिलेर) शब्दको निर्माण गरेको हुन्छ । शब्दले जुन वर्गगत वा कारकीय काम गर्छ त्यसलाई पद भनिन्छ भने एउटै पद/शब्द वा एक भन्दा बढी पद/शब्द मिलेर बनेको शब्द समूहलाई पदावली भनिन्छ । (नाम पदावली, विशेषण पदावली, क्रिया पदावली, क्रिया योगिक पदावली आदि) । पद पदावली मिलेर उपवाक्य र उपवाक्य मिलेर वाक्य बनेको हुन्छ अनि वाक्य वाक्य मिलेर सिङ्गो अभिव्यक्ति युक्त सङ्कथनको निर्माण भएको हुन्छ । त्यसैले भाषालाई अर्थयुक्त, सन्दर्भयुक्त तथा सम्प्रेषणयुक्त बनाउन शब्दले आधारभूत भूमिका खेलेको हुन्छ । अर्थयुक्त शब्दविना त्यसभन्दा माथिल्ला भाषिक एकाइहरू नबन्ने भएकाले शब्दगत आधार भाषाको प्राण हो भन्न सकिन्छ ।

शब्दभण्डारमा जति धेरै शब्द जान्यो भाषामा त्यत्तिकै पोख्त बन्न सकिन्छ । विभिन्न शैली र संरचनाको जानकारी भएर पनि यदि व्यक्तिमा शब्दभण्डारको कमी छ भने उसलाई आफ्ना विचार र धारणाहरू उपयुक्त ढङ्गले प्रकट गर्न गाह्रो पर्छ जसले गर्दा भाषिक अर्थ सम्प्रेषण गर्न उसले राम्ररी सक्दैन । शब्दभण्डारभित्र विभिन्न अर्थले युक्त शब्दहरू पर्छन् । बनोटका आधारमा मूल र व्युत्पन्न, स्रोतका आधारमा तत्सभ, तद्भव र आगन्तुक, वर्गका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात, कार्यका आधारमा विकारी तथा अविकारी र अर्थका आधारमा पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, पारिभाषिक/प्राविधिक, सुक्ष्मवाची (क्षुद्रवाची) स्थुलवाची (ठुलो बुझाउने) आदि विभिन्न किसिमका शब्दहरू भाषामा हुन्छन् ।

शब्दका अन्य प्रकारहरू पनि हुन्छन्, जस्तै : मूर्त, अमूर्त, सरल, जटिल, अनुकरणात्मक, संक्षिप्त, पारिवार्गी आदि । कुनै शब्द अव्यिक्तिका सन्दर्भ (बोलाइ र लेखाइ) मा बढी प्रयुक्त हुने किसिमका हुन्छन् भने कुनै शब्द ग्रहणका सन्दर्भ (सुनाइ र पढाइ) मा बढी प्रयुक्त हुने किसिमका हुन्छन् । यिनैलाई क्रमश, सक्रिय र निष्क्रिय शब्द पनि भनिन्छ । शब्दका आवृत्ति एवम् प्रयोग तत्परताका दृष्टिले सबै प्रकार स्तरका व्यक्तिले अत्याधिक प्रयोग गर्ने तथा सबैले बुझ्ने किसिमका शब्दहरूलाई आधारभुत शब्द भनिन्छ । सामान्य भाषा प्रयोग व्यवहारका लागि आधारभुत शब्दको भुमिका महत्वपूर्ण हुन्छ । त्यस्तै सबै शब्दले कोशीय अर्थ अथवा अभिधात्मक अर्थ मात्र नदिएर विभिन्न लाक्षणिक र व्यञ्जनात्मक अर्थात सन्दर्भपरक अर्थ पनि दिने गर्छन् । कुनै शब्दले कोशीय वा सन्दर्भपरक अर्थ भन्दा भिन्नै संरचनात्मक अर्थ (वाक्य निर्माण, गठन आदिमा विशेष भूमिका खेल्ने) पनि दिन्छन् । पदावली स्तरका उखान, टुक्का, लोकोक्ति आदिले पनि विशिष्ट अर्थ सम्प्रेषण गरेर शब्द स्तरकै काम गरेका हुन्छन् । यी सबैको उपयुक्त जानकारी नभएसम्म व्यक्ति भाषामा पोख्त हुन सक्दैन ।

भाषाका शब्दभण्डारका सन्दर्भमा शब्दभण्डारले व्यक्ति वा विद्यार्थीहरूमा सङ्ग्रहीत हुने शब्दगत क्षमतालाई बुझाउँछ । शब्दभण्डार शिक्षणले धेरै भन्दा धेरै प्रकारका सक्रिय र निष्क्रिय एवम् संरचनात्मक शब्दहरूको सङ्ग्रह वा धारण क्षमताको विकासलाई जनाउँछ । शब्दभण्डार क्षमताको विकास नभएमा शब्दार्थ क्षमता कमजोर हुन्छ भने शब्दार्थ क्षमता र त्यसको उपयुक्त प्रयोग क्षमता विकास नभएमा शब्द भण्डार क्षमताको कुनै अर्थ रहँदैन ।

**१.२ समस्याकथनः**

प्रस्तुत शोधकार्य कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन सम्बन्धी निम्न समस्यामा केन्द्रित रहेको छः-

(क) कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधामा के कस्ता शब्दहरू रहेका छन् ?

(ख) उक्त पाठभित्र समावेश शब्दको स्रोत के-के हुन् ?

(ग) पाठभित्र प्रयोग गरिएका शब्दहरूको पदवर्ग, बनोट प्रक्रिया कस्तो छ ?

(घ) पाठभित्र समावेश शब्दभण्डारमा आवृत्ति व्यवस्था के कस्तो छ ?

(ङ) शब्दभण्डारमा के-कस्ता समस्याहरू रहने छन् ?

## १.३ अध्ययनको औचित्य

भाषा शिक्षणमा शब्दभण्डारको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शब्द एक अर्थपूर्ण एकाइ हो । यसले सोझै पनि अर्थ प्रदान गर्ने वा वाक्यनिर्माण पनि केन्द्रीय भूमिका निर्वाह गर्ने हुनाले यसको अध्ययनको औचित्य माथि प्रकाश पार्न सकिन्छ ।

प्रस्तुत शोधकार्यमा कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा विधामा समाविष्ट शब्दहरूको स्रोत र कार्य (पदवर्ग) का आधारमा सङ्कलन गरी तिनको व्याख्या विश्लेषण गर्ने कार्य गरिने छ । शब्दको स्रोत, वर्ग तथा अनुपात पत्ता लगाउनका लागि गरिने यस अध्ययनले भाषा शिक्षणमा थोरै मात्र भए पनि सहयोग पुऱ्याउने छ । अतः भाषा शिक्षण र सिकाइका क्षेत्रमा संलग्न रहने शिक्षक, विद्यार्थी, शोधार्थी, लेखक तथा अन्य भाषा शिक्षणमा प्रचलित शब्दहरूको स्रोत, वर्ग अनुपात र आवृत्ति समेतका बारेमा आवश्यक जानकारी दिई शब्दभण्डारगत ज्ञानलाई अभिवृद्धि गर्न सहयोगी भूमिका निर्वाह गर्ने हुँदा प्रस्तुत अध्ययनको औचित्य स्पष्ट हुन्छ ।

## १.४ अध्ययनको उद्देश्य :

यस शोधपत्रको उद्देश्यहरू निम्नलिखित रहेका छन्:

(क) कक्षा १० को नेपाली पाठ्यपुस्तकभित्र कथा विधामा रहेका शब्दभण्डारको पहिचान गर्नु,

(ख) उक्त पाठभित्र समावेश शब्दहरूको स्रोत पत्ता लगाउनु,

(ग) पाठभित्र प्रयोग गरिएका शब्दहरूको पदवर्ग, बनोट प्रक्रिया पत्ता लगाउनु,

(घ) उक्त शब्दहरूको गणना गरी आवृत्ति निर्धारण गर्नु,

## १.५अध्ययनको महत्त्व

भाषाशिक्षणमा शब्दभण्डारको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शब्द एक अर्थपूर्ण एकाइ हो । यसले साझै पनि अर्थ प्रदान गर्ने र वाक्य निमार्णमा पनि केन्द्रीय भूमिका निर्वाह गर्ने हुनाले यसको अध्ययनको महत्त्व माथि प्रकाश पार्न सकिन्छ । शब्द एक्लै पनि अर्थपूर्ण भई आउन सक्ने र वाक्यमा पनि अर्थपूर्ण ढङ्गले प्रयोग हुने हुनाले यसको प्रयोगमा सचेतता अपनाउनुपर्ने देखिन्छ । सीमित वर्ण र नियमका आधारमा असीमित शब्द निर्माण हुन्छन् । तिनीहरू सबैलाई समानुपातिक रूपमा महत्त्व दिन सकिदैंन र जथाभावी वाक्यमा प्रयोग गर्नुहुँदैन । त्यसैले शब्दहरूको छनोट र स्तरणमा भाषा पाठ्यपुस्तकजस्ता महत्त्वपूर्ण सामग्रीमा ज्यादै सतर्कता, सचेतता अपनाई विद्यार्थीहरूको उमेर, स्तर, रुचि क्षमता आदि पक्षहरूलाई विचार गरी पाठ्यक्रम निर्माता र पाठ्यपुस्तक लेखकहरूले उपयोगमा ल्याउनुपर्ने भएकाले यसको महत्त्व झन बढी रहेको देखिन्छ ।

शब्दभण्डारको अध्ययनबाट पाठ्यक्रम निर्माताहरूलाई पाठ्यक्रम निर्माण, सुधार एवम् परिमार्जन गर्न सहयोग गर्दछ । पाठ्यपुस्तक लेखनलाई उद्देश्यमूलक एवम् प्रभवाकारी बनाउन विषयवस्तु अनुसारको शब्द चयन गर्न, शिक्षकलाई विद्यार्थीहरूको स्तर क्षमता अनुरुप शिक्षण गर्न, शिक्षण विधिलाई प्रभावकारी बनाउन मद्दत पुग्छ । विद्यार्थीहरूको शब्दभण्डारको क्षमतालाई बुझेर शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी उद्देश्यपूर्ण एवम् व्यवस्थित बनाउन सहयोग पुग्ने हुँदा यो शोधकार्य महत्त्वपूर्ण रहेको छ ।

## १.६अध्ययनकोसीमा

खोज तथा अध्ययन प्राविधिक कार्य भएकाले यो उक्त जटिल कार्य हो । अनुसन्धानमूलक कार्य प्राविधिक कार्य भएकाले अध्ययनमा सम्पूर्ण क्षेत्रलाई समेट्न सकिदैन । त्यसैले अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्र र तहमा सीमित गर्नुपर्ने हुन्छ ।

प्रस्तुत शोधपत्र शिक्षा मन्त्रालयबाट सरकारी विद्यालयको निम्ति स्वीकृति प्रदान गरिएको कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दहरूसँग मात्र सम्बन्धित रहेको

छ । यस अध्ययनलाई स्रोत साधन र जनशक्तिको अभाव तथा अन्य विविध समस्याका कारण निम्न लिखित सीमामा रहेर अध्ययन गरिएको छ :-

(क) प्रस्तुत अध्ययन कक्षा १० को कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययनमा सीमित रहेको छ ।

(ख) शब्दहरूको अध्ययन स्रोत, पदवर्ग र बनोट प्रक्रियाका आधारमा मात्र गरिएको छ ।

(ग) समाविष्ट शब्दहरूको आवृत्ति गणना गरिएको छ ।

(घ) प्रस्तुत अध्ययनमा शब्दहरूको सङ्ख्या र तिनको अनुपात पनि देखाइको छ ।

(ङ) कथाबाट सङ्कलित शब्दलाई वर्णानुक्रममा राखिएको ।

(च) अध्ययनमा अन्य विधा र अभ्यास खण्डलाई समावेश गरिएको छैन ।

**अध्याय दुईः**

## पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणाको स्वरूप

### २.१ पूर्वकार्यको समीक्षा

अधिकारी र शर्मा (२०५१)द्वारा "कक्षा तीन पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन" शीर्षकमा भएको भेटिन्छ । उक्त लघु अनुसन्धानको उद्देश्य कक्षा तीनको महेन्द्रमाला पाठ्यपुस्तकमा समावेश गरिएका शब्दभण्डारमा विद्यार्थीको क्षमता के-कस्तो छ ? पत्ता लगाउनु र शब्दभण्डार विद्यार्थीहरूको बौद्धिक परिपक्कताको स्तरका दृष्टिले के कस्तो छ ? पत्ता लगाउनु थियो । उक्त अनुसन्धानमा काठमाडौं र ललितपुर जिल्लामा २०५१ सालमा अध्ययनरत विद्यार्थीहरूलाई कुल जनसङ्ख्या मानी प्रतिनिधि विद्यालयहरूबाट जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा अध्ययन अनुसन्धान गरिएको थियो । अधिकांश विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमता सन्तोषजनक रहेको भएको । नेपाली मातृभाषी र गैरनेपाली मातृभाषी विद्यार्थीका बीच शब्दभण्डार सम्बन्धी भिन्नता नभएको, पहिचानात्मक शब्दभण्डार त्यति सन्तोषजनक नभएको,उत्पादनात्मक शब्दभण्डार क्षमता भने राम्रो भएको, लिङ्गगत हिसावले पनि शब्दभण्डार क्षमता समान रहेको निष्कर्ष निकालिएको छ ।

आचार्य (२०५४) द्वारा "कक्षा पाँच पूरा गरेका विद्यार्थीको शब्दभण्डार क्षमताको अध्ययन" नामक अनुसन्धान गरिएको छ । कक्षा पाँचको महेन्द्रमाला पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारमा विद्यार्थीहरूको क्षमताको पहिचान गर्ने र लिङ्ग, क्षेत्र, स्थानीयता, भाषिक पृष्ठभूमि एवम् उमेर समूहका आधारमा शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययनन गर्ने उद्देश्य राखेको यस शोधले निष्कर्ष तथा सुझावका रूपमा तराई र पहाडी क्षेत्रका विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर रहेको र शब्दभण्डार सम्बन्धी क्षमता चाहिँ समान रहेको तथा पृष्ठभूमिको आधारमा दोस्रो भाषी विद्यार्थीहरूको शब्दभण्डार क्षमता कम रहेको देखाइएको छ ।

ज्ञवाली (२०५६) द्वारा "कक्षा छ को हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन" शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यमा हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना गर्ने, उपयुक्त शब्दहरूको शब्दवर्गका आधारमा वर्गीकरण गर्ने, शब्दहरूको पाठगत तथा विधागत वितरणको स्थिति देखाउने, पाठ्यपुस्तकका पाठमा

प्रयुक्त शब्दहरूको आवृत्तिका आधारमा उपयुक्तता र अनुपयुक्तता बारे सुझाव पेस गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । पुस्तकालयीय विधि अन्तर्गत रही सम्बन्धित पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना निकाली ती शब्दलाई आकारादि क्रियामा राखी उच्चवृत्ति र न्यून आवृत्तिका शब्दको सङ्ख्या तोकी उपलब्ध शब्दहरूलाई पदवर्गका आधारमा छुट्याउने काम समेत  यसमा गरिएको छ । पदवर्गका दृष्टिले नाम वर्गका १५१५ शब्दहरू (५५.७२%), विशेषण वर्गका ६१४ (२२.५९%), क्रिया वर्गका ३२० (११.७५%), क्रियाविशेषण वर्गका १४१ (५.१८%), सर्वनाम वर्गका ४१(१.५१%), संयोजक शब्दहरू ३१(१.१४%), नामयोगी २९(१.०७%) र अन्त्यमा निपात शब्दहरू २८(१.०३%) रहेको निष्कर्ष निकालिएको छ ।

बास्तोला (२०५९) द्वारा कक्षा सातको नेपाली पाठ्यपुस्तकका कथा र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन” शीर्षकमा शोधकार्य भएको छ । उक्त शीर्षकमा विधामा प्रयोग भएका शब्दहरूलाई पदवर्ग र स्रोतका आधारमा वर्गीकरण गर्ने जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन मूलतः पुस्तकालयीय विधिमा आधारित रहेको छ । स्तरगत हिसाबले तत्समबहुल शब्द प्रयोगले पाठहरू गहकिला हुने भएका र शब्दभण्डारको वितरण सन्तुलित हुन नसकेको, पाठको लम्बाइमा एकरूपता नभएको निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०६०) द्वारा “कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डर क्षमताको अध्ययन” शीर्षकमा अध्ययन गरेका छन् उक्त शीर्षकमा विद्यार्थीहरूको शब्दभण्डार क्षमता पहिचान गर्ने, स्थानीयता, लिङ्ग, भाषिक पृष्ठभूमि र उमेरका आधारमा कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्ने जस्ता उद्देश्यमा केन्द्रित रहेको छ ।  यस अध्ययनमा काठमाडौँ र कास्की जिल्लाका १० वटा विद्यालयबाट १०० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाका रूपमा लिई सामग्री सङ्कलन गरी सङ्कलित तथ्यलाई विश्लेषण गरेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।  विद्यार्थीको शब्दभण्डार क्षमतामा पर्याप्त सन्तोषजनक नभएको, सहरी क्षेत्र र ग्रामीण क्षेत्रमा विद्यार्थीको शब्दभण्डार क्षमतामा फरक रहेको, पहिचानात्मक शब्दभण्डारमा छात्रका तुलनामा छात्राको क्षमता बलियो भएको नेपाली पहिलो भाषा हुनेको विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

दुवाडी (२०६२) द्वारा “कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन” शीर्षकमा कथा विधाका शब्दभण्डारगत स्थितिको आंकलन गर्ने, उक्त शब्दभण्डारलाई स्रोत, वर्ग, बनोट र आवृत्तिका दृष्टिले विश्लेषण तथा वर्गीकरण गर्ने, शब्दहरूको गणना गरी आवृत्ति निर्धारण गर्ने जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको छ । यसमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि अपनाइएको छ ।संरचनाका दृष्टिले कथामा उपसर्ग, प्रत्यय लगायत समास, सन्धि, द्वित्वद्वारा निर्मित शब्दहरू संरचनात्मक दृष्टिले उपयुक्त मान्न सकिने, कथ्य नेपालीका दृष्टिले कक्षा ९ का कथाहरूमा प्रयुक्त शब्दहरू सान्दर्भिक देखिन्छन् भने लेख्य भाषाका दृष्टिले मानक व्याकरणसँग मेल नखाने शब्दहरू पनि देखिन्छन् । कक्षा ९ को कथा विधामा प्रयुक्त शब्दहरू ‘सहिद’ कथामा २३७१, ‘खड्गबहादुर’ कथामा १२४३, ‘शिशिरवसन्त’ कथामा २३८८ शब्द रहेको निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०६२) द्वारा “नेपाली भाषा शिक्षण” पाठ्यपुस्तकमा शब्दार्थ शिक्षणका केही व्यवहारिक पक्षसँग सम्बन्धित भएर चर्चा गरिएको छ । यस पाठ्यपुस्तकमा प्रतिदिन नयाँनयाँ शब्दहरू प्रयोगमा आउँदै जाने र पुराना कतिपय शब्दहरूको प्रयोग घट्दै जाने प्रवृत्तिले भाषाका शब्दभण्डारमा समस्या रहेको पाइन्छ । शब्दभण्डारमा बोध र अभिव्यक्तिका पक्षमा बोध पक्षका लागि पहिचानात्मक शब्दभण्डार र अभिव्यक्ति पक्षका लागि उत्पादनात्मक शब्दभण्डार राख्ने गरेको पाइन्छ । शब्दको अर्थ ठोस नभएर प्रायः यसको अर्थ प्रवाही तथा लचिलो किसिमको हुने, शब्द प्रयोग गर्दा शिक्षार्थीहरूमा अर्काको अनुकरण गर्ने प्रवृत्ति भाषाका अन्य तत्वहरूका सिकाइका अपेक्षा निकै बढी हुने त्यसैले गर्दा शिक्षार्थीहरूका शब्द प्रयोगमा प्रशस्त अस्पष्टता तथा प्रयोगगत अनौचित्य फेला पार्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । यस पाठ्यपुस्तकमा व्यवहारिक पक्षसँग सम्बन्धित भएर चर्चा गरिए पनि शब्द प्रयोगगत अनौचित्यलाई कम गरी सही प्रसङ्गमा शब्दको समुचित प्रयोग गर्न सिकाउने कुरा उल्लेख गरिएको भने पाइदैन् ।

कार्की (२०६७) द्वारा “माध्यमिक तहको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययन” शीर्षकमा शब्दभण्डार सम्बन्धीको अध्ययन अगाडि सारेकी छन् । उनको यस अध्ययनको उद्देश्य माध्यमिक तहको निबन्ध विधामा समाविष्ट शब्द

भण्डारको अध्ययन गर्दै शब्दहरूको स्रोत, पदवर्ग र शब्दहरूको अनुपात पत्ता लगाइ शब्द भण्डार सम्बन्धी देखापरेका समस्या समधानका लागि आवश्यक सुझाव दिनु रहेको छ । प्रस्तुत शोध अध्ययन मुलतः पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । माध्यमिक तहको निबन्ध विधामा कुल १६०३शब्दको प्रयोग भएको जसमध्ये तत्सम शब्दहरूको बढी प्रयोग, त्यसपछि तद्भव र आगन्तुक शब्दको प्रयोग ज्यादै न्यून रहेको, पदवर्गका दृष्टिले नाम वर्गका शब्द सबैभन्दा बढी प्रयोग भएको तर विस्मयादिबोधक वर्गका शब्दहरूको प्रयोग नभएको, नाम वर्गका शब्द पछि विशेषण वर्गका शब्दको बढी प्रयोग भएको छ भने निपात वर्गका शब्दको प्रयोग नगन्य मात्रामा रहेको, आयामका दृष्टिले सबै निबन्धहरू एकैनासका देखिएको निष्कर्ष निकालिएको छ ।

शर्मा र पौडेल (२०६७)द्वारा "नेपाली भाषा र साहित्य शिक्षण" पाठ्यपुस्तकमा शब्दार्थ तथा शब्दभण्डार शीर्षकमा चर्चा गरिएको छ । उक्त पाठ्यपुस्तकमा शब्दभण्डारसँग सम्बन्धित भएर भाषा शिक्षण सिकाइका सन्दर्भमा हरेक समयमा शब्दार्थको जानकारी आवश्यक हुने, शिक्षण सिकाइका क्रममा हरेक समयमा नयाँ-नयाँ शब्दहरू प्रयोगमा आउने, कतिपय शब्दहरू दोहोरिने त्यतिमात्र नभएर एउटै शब्दले विभिन्न संरचनात्मक आकृति लिएर देखा पर्न सक्ने र त्यो प्रसङ्ग अनुसार बेग्दावेग्लै अर्थ र अभिप्राय वहन गरेर समेत प्रयोगमा आउने सम्भावना हुन्छ । भाषलाई ग्रहण र अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण बनाउन, आशयपूर्ण बनाउन, प्रभावकारी बनाउन र सोही अनुरूप शब्दको उपयोग गर्ने सीप हाँसिल गराउन शब्दभण्डार क्षमताको वृद्धि गर्नु भाषा शिक्षणको कार्य हो । कतिपय उखान टुक्काहरू पनि शाब्दिक अभिप्रायले प्रयुक्त हुनसक्छ र अर्थलाई विशिष्ट एवम् लाक्षणिक ढङ्गले प्रभावकारी बनाउन व्यवहारमा आइरहन्छन् । उखान टुक्काहरू पदावली वा वाक्यांशका रूपमा देखा परेपनि तिनले शब्दगत एकाइकै काम गरेका हुन्छन् । त्यसैले उखान टुक्कालाई पनि शब्दभण्डार शिक्षणकै अङ्ग मानेर शिक्षण गरिनु उपयुक्त हुन्छ । यस पाठ्यपुस्तकले शब्दभण्डार सम्बन्धी सैद्धान्तिक कुरा उल्लेख गरिएको भए तापनि व्यवहारीक रूपले कसरी शिक्षण गर्ने भन्ने कुरा उल्लेख गरिएको पाइदैन् ।

अधिकारी (२०६७) द्वारा "कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको अध्ययन" शीर्षकमा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरू सङ्कलन गर्नु, प्रयुक्त शब्दहरूको स्रोत र पदवर्ग पत्ता लगाउनु, शब्दहरूको आवृत्ति गणना पत्ता लगाउनु, पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको प्रयोगको सान्दर्भिकता केलाउनु, अध्ययनका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको छ । यसमा मुल रूपमा पुस्तकालयीय र आंशिक रूपमा प्रयोगात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । पाठ्यपुस्तकमा स्रोत सम्बद्धताका आधारमा सङ्कलन गरिएका शब्दहरूमध्ये १०% भन्दा बढी शब्दहरू अनावृत्त रहेका, आवृत्त शब्दहरूमा तत्सम शब्दहरूको बाहुल्यता रहेको क्रमशः तद्भव र आगन्तुक शब्दहरू, छनोट गरिएका अनवृत्त शब्दहरूमध्ये नाम वर्गका सङ्ख्या आधाभन्दा धेरै, त्यसपछि क्रमशः विशेषण, क्रियायोगी, क्रिया, नामयोगी, सर्वनाम, वर्गका शब्दहरू आउने, निपात, विस्मयादिबोधक र संयोजक पदवर्गले न्यून उपस्थिति जनाएको छ । विद्यार्थीको उपलब्धिको नतिजालाई मूल्याङ्कन गर्दा कक्षा नौ का विद्यार्थीहरूको शब्दभण्डार क्षमतालाई सन्तोषजनक मान्न सकिने निष्कर्ष निकालिएको छ ।

माथिका अध्ययन अनुसन्धानहरूलाई दृष्टिगत गर्दा नेपाली भाषाको शब्दभण्डार सम्बन्धी अध्ययन हुँदै नभएको अवस्था भने छैन । यद्यपि यी अध्ययनलाई मात्रै पर्याप्त मान्न सकिदैन केही अध्ययनहरू शब्दभण्डारको एक पक्षलाई मात्र आधार मानेर भएका छन् भने केही अध्ययनहरू शब्दको आवृत्ति गणना, स्रोत, वर्ग, बनोट, प्रक्रिया, तुलनात्मक, विश्लेषणात्मक आदि उद्देश्यमा केन्द्रित रहेर भएका छन् । यी विभिन्न शीर्षकमा विभिन्न शोधकर्ताहरूले अध्ययन गरेका भए पनि चालु पाठ्यक्रमअनुसार कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा रहेका शब्दभण्डारको पहिचान, स्रोत, पदवर्ग, बनोट प्रक्रिया, आवृत्ति जस्ता उद्देश्यमा केन्द्रित रहेर अध्ययन गरिएको नपाइएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण भएकाले यो शोधकार्य गर्नु उपयुक्त हुने अपेक्षा गरिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

(क) **शब्द परिचय**

भाषा सिकाईमा शब्दहरूलाई भाषा सिकाईको प्रमुख वा न्युनतम आधारको रूपमा लिइन्छ । भाषा सिकाई अन्य सीपहरूको सिकाई जस्तै हो । भाषाको ज्ञानार्जन गर्न कथा, कविता निबन्ध, प्रबन्ध, नाटक आदि विधाको अध्ययनबाट सम्भव भए तापनि यी विधाहरूको अध्ययन गर्नको लागि शब्द ज्ञानको आवश्यकता पर्दछ । जब सम्म शिक्षार्थीहरूले शब्दको अर्थबोध सहज रूपमा गर्न सक्दैनन् तबसम्मा कुनै पनि विधाबाट अर्थ ग्रहण गर्न सकिदैन । त्यसैगरी भाषा सिक्नको लागि , भाषाको संरचना ज्ञानको लागि व्याकरणको अध्ययन गर्नु पनि आवश्यक छ । यसको लागि पनि शब्द बोध नै प्रमुख आधार हो । जबसम्म शब्दबाट अर्थबोध गर्न सकिदैन तबसम्म संरचनाले बुझाउन खोजेको अभिप्राय बोध हुँदैन । यसरी चाहे विधागत होस चाहे व्याकरणीय सैद्धान्तिक ज्ञानबाट भाषा सिक्न सिकाउन खोजयुक्त शब्दको बारेमा अध्ययन गर्नु नै पर्छ । सिकाइलाई पूर्ण रूपमा प्रभावकारी बनाउन र महत्त्वपूर्ण क्रियाकलाप सञ्चालन गर्नुपूर्व शब्दको ज्ञान आवश्यक छ ।

शब्द सबै विधा निर्माणको आधारतत्व हो । शब्दविना वाक्य बन्दैन । बाक्यविना अनुच्छेद अनुच्छेद विना प्रकरण र प्रकरण विना सिङ्गो कृति बन्दैन । यहाँ के बोध गर्न आवश्यक छ भने बाक्यदेखि माथिका सवै एकाइ पढ्नु, लेख्नु, सुन्नु अगाडि शब्दको ज्ञान अपरिहार्य छ । शब्दको शिक्षण गराउन सरल शब्द वा व्यवहारिक शब्दबाट सुरु गर्नुपर्दछ । यसै गरी मुल शब्दबाट सुरु गरी व्युत्पन्न शब्द सिकाउनु पर्दछ । यसरी शब्द शिक्षण गर्दा नयाँ शब्दहरूलाई प्रत्येक कक्षाको भाषा पाठ्यपुस्तकमा निश्चित सङ्ख्याको आधारमा राखिनुपर्छ । शब्द शिक्षण गराउने सन्दर्भमा भरमार नयाँ शब्द प्रयोग गरेमा विद्यार्थीहरूलाई क्लिष्टताको आभास भई भाषा सिकाइबाट टाढा भाग्न खोज्दछन् । त्यसैले व्यावहारिक शब्दबाट अन्य शब्द सिकाउनु पर्छ । नयाँ शब्दबाट सिकाउँदा उनीहरूको रुचि क्षमता स्तर आंकलन गरी तह र उमेरलाई आधार बनाई प्रयोग गरिनुपर्दछ । नयाँ शब्दलाई आवृत्तिद्वारा स्मरण गराइरहनु पर्दछ । साथै अभ्यास पनि गराउनु पर्दछ । शब्द शिक्षण गराउँदा शब्दको स्तरमा राखेर मात्र शिक्षण सिकाइ कार्यकलाप अगाडि नबढाइ यसको तहगत एकाइएको रूपमा राखेर शिक्षण गराउनु पर्दछ । जब विद्यार्थीले शब्दको अर्थ बोध गर्दछन् । तब उनीहरू साहित्यका अन्य विधा पढ्न आकर्षित हुन्छन् अनि स्वतः भाषा

सिक्न सक्दछन् । त्यसैले शब्दको बारेमा जानकारी दिँदा एकीकृत रूपमा सिकाउनु आवश्यक छ ।

**(ख) शब्दको परिभाषा**

शब्दभाषाको एक अर्थपूर्ण एकाइ हो । मानविय विचार सम्प्रेषणको अद्वितीय र उल्लेखनीय व्यवस्था मानिने भाषाको प्रयोगमा शब्दको विशिष्ट भूमिका रहन्छ । यसले भाषाको बोध तथा अभिव्यक्ति प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । भाषालाई अभिव्यक्ति दिने र अर्थयुक्त बनाउने प्रमुख र एकमात्र साधन शब्द हो । अर्थपूर्ण भाषिक एकाइ शब्द हो र यसको अभावमा भाषाको परिकल्पना असम्भव छ । भाषाका अर्थपूर्ण एकाइ मध्ये रूप भन्दा माथिलो र पदावली भन्दा तल्लो भाषिक एकाइनै शब्द हो । शब्द व्याकरण व्यवस्थाको केन्द्रिय एकाइ हो ।

शब्द उत्पत्तिको दृष्टिकोणले यो संस्कृतको मूल शब्द हो । संस्कृतको शब्द धातुमा अ. (धत्र) प्रत्यय लागेर शब्द बनेको हुन्छ। यसको अर्थ ध्वनि वा आवाज भन्ने हुन्छ। अर्को शब्दमा ध्वनि वा आवाज उत्पादन गर्नु नै शब्द हो । यसलाई हिन्दीमा पनि शब्द नै भनिन्छ । अंग्रेजीमा वर्ड (Word) जर्मनीमा उर्त, गोथिकमा वाउर्ड, ल्याटिनमा (Verbum),ग्रीकमा Liroर अरेविकमा लफ्ज भनिन्छ । शब्दका मुख्य स्वरूप ती हुन जुन उच्चारण गरिन्छन्, सुनिन्छन् । ग्रहण गरिन्छन र यसको अर्थ हुन्छ ।

यसै गरी संस्कृत साहित्य श्रृङ्गार प्रकाशमा अनुच्चारित अर्थ प्रतीत श : शब्द अर्थात जसका उच्चारणबाट अर्थको प्रतीत हुन्छ, त्यो ध्वनि शब्द हो भनिएको छ (न्यौपाने, पृ. २३९) ।

शब्द सम्बन्धि केहि विद्धानका परिभाषालाई निम्नानुसार प्रस्तुत गरिन्छ :

नेपाली बृहत शब्दकोश (२०४०) ले शब्द ना.स. लाई अनुभूत विषयवस्तुलाई व्यक्ति गरिने वर्णात्मक वा ध्वन्यात्म ध्वनि आवाज वा वर्ण वा वर्ण समुहबाट बनेको कुनै अर्थ बुझाउने ध्वनि सार्थक पढ वा लवज भनेको छ ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६३) ले शब्द (त्त्स/ना) लाई एक वा एक भन्दा बढी अक्षर मिलेर बनेको भाषिक एकाइ वा पद, अर्थपूर्ण कथन बोली लवज वा कुनै वस्तु, कार्य गतिविधि आदि हुँदा निस्कने अस्पष्ट वा स्पष्ट आवाज ध्वनि भनेको छ ।

भाषाको न्युनतमा अर्थयुक्त एकाइरूप हो । त्यसभन्दा माथिल्लो स्वतन्त्र एकाइ शब्द हो ।

प्रा. डा. रामचन्द लम्साल र अन्य

एक वा सो भन्दा बढी अक्षरहरू मिलेर बनेको अर्थपूर्ण भाषिक एकाइलाई शब्द भनिन्छ ।

- पारसमणि भण्डारी र अन्य

शब्द भनेको वर्ण वा अक्षर भन्दा माथिल्लो तहको भाषिक एकाइ हो ।

- डा. ब्रतराज आचार्य

शब्द भनेको स्वतन्त्र रूपमा प्रयोग हुने भाषिक एकाइ हो ।

- मोहन राज शर्मा

एक वा एक भन्दा बढी रूपबाट बनेको अर्थयुक्त भाषिक एकाइ शब्द हो ।

हेमाङ्गराज अधिकारी

स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो तर अर्थपूर्ण एकाइलाई शब्द (Word) भनिन्छ ।

- कृष्णहरी बराल र नेत्र एटम

एक वा एक भन्दा बढि अक्षर मिली बनेको र स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ ।

- डी.पी. भट्टराई र डिल्लीराम ढुंगेल

शब्द एक वा अनेक वर्ण वा अक्षरले बनेको स्वतन्त्र अर्थ र प्रयोगमा आउने भाषिक एकाइ हो ।

- हेमनाथ पौडेल र नेत्रप्रसाद पौडेल ।


माथिका परिभाषाहरूलाई दृष्टिगत गर्दा निष्कर्षमा के भन्न सकिन्छ भने शब्द भनेको स्वतन्त्र रूपमा प्रयोग हुने अर्थयुक्त भाषिक एकाइ हो । यो एक वा अनेक अक्षरले बनेको र प्रयोगमा आउन सक्ने भाषिक एकाइ हो । यो व्याकरण व्यवस्थाको केन्द्रिय एकाइ पनि हो । एउटा भाषामा चलन गरिने जति सबै शब्दलाई संजोग अर्थात समग्रमा त्यस भाषाको

शब्दभण्डार भनिन्छ । अर्को शब्दमा शब्दभण्डार भनेको शब्दहरूको सङ्ग्रह, भण्डार वा ढुकुटी पनि हो ।

### ३.२.१ शब्द वर्गीकरणका आधार

नेपाली भाषामा रहेका शब्दहरूलाई विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ । शब्दभण्डारका रहेका सम्पूर्ण शब्दहरूको वर्ग वा समूह छुट्याउनुलाई शब्दभण्डारको वर्गीकरण भनिन्छ । शब्दभण्डारको वर्गीकरणले भाषाका शब्दभण्डार र त्यसको प्रयोगलाई व्यवस्थित तुल्याउँछ । नेपाली भाषामा विभिन्न किसिमका शब्दहरू रहेको पाइन्छन् । यसरी नेपाली शब्दभण्डारमा रहेका शब्दगत विविधतालाई दृष्टिगत गरी विद्वानहरूले नेपाली भाषाका शब्दहरूलाई विभिन्न आधारमा वर्गीकरण गरेका छन ।

प्रो. मोहनराज शर्माका अनुसार शब्द वर्गीकरण गर्ने प्रमुख आधार स्रोत, व्युतपत्ति, रचना कार्य र अर्थ रहेका छन् । (२०४३ : ५६) स्रोत  अन्तर्गत मौलिक (तत्सम र तदभव) र आगन्तुक (स्वदेशी स्रोत विदेशी स्रोत पर्दछन भने रचनाका आधारमा मुल वा अव्युत्पन्न र व्युत्पन्न शब्द गरी दुई भागमा वर्गीकरण गरेका छन् । कार्यको आधारमा नेपाली शब्दहरूलाई नाम, सर्वनाम, विशेषण , क्रिया, क्रियाविशेषण, नामयोगि, संयोजक, विस्मयाधिबोधक र निपात गरी नौ वर्गमा बाँडेका छन् । अर्थको आधारमा पर्यायबाची, अनेकार्थक , विपरीतार्थक, श्रुतिसमभिन्नार्थक रहेका छन् ।




व्युत्पत्ति
- मुल वा अव्युत्पन्न शब्द
- व्युत्पन्न शब्द

रचना
- एकअक्षरी
- दुई अक्षरी
- तीन अक्षरी
- चार अक्षरी

पाँच अक्षरी छ अक्षरी

सात अक्षरी आठ अक्षरी

**कार्यका आधारमा**

**विकारी** : नाम,सर्वनाम, विशेषण, क्रिया

**अविकारीः** क्रियायोगी , नामयोगि, संयोजक, विस्मयाधिवोधक, निपात

**अर्थका अधारमा**
- पर्यायवाची
- → अनकार्थि
- → विपरीतार्थक
- → श्रुतिसमभिन्नार्थक (शर्मा , २०६३ : ५६)।

डा. हेमाङ्गराज अधिकारीद्वारा शब्दलाई निम्नानुसार वर्गीकरण गरिएको छः

| | | |
|---|---|---|
| **परम्परागत आधार** | नाम | क्रियायोगी |
| | सर्वनाम | नामयोगि |
| | विशेषण | संयोजक |
| | क्रिया | विस्मयाधिबोधक |

**कार्यगत आधार**

| **नामवर्ग** | **क्रियावर्ग** | **अव्ययवर्ग** |
|---|---|---|
| नाम | सकर्मक | क्रियायोगी |
| सर्वनाम | अकर्मक | नामयोगि |
| विशेषण | | संयोजक |
| | | विश्मयाधिबोधक |
| | | निपात |

**रूपात्मक आधार**

| **विकारी** | **अविकारी** |
|---|---|
| क्रियायोगि | नाम |
| नाम योगि | सर्वनाम |
| संयोजक | विशेषण |
| विस्मयाधिबोधक | क्रिया |
| निपात | |

कोशीय :- नाम, सर्वनाम, क्रिया, क्रियायोगि

संरचनात्मक :- सर्वनाम, नामयोगि, संयोजक, विस्मयाधिबोधक, निपात

विविध आधारहरू मध्ये स्रोत, पदवर्ग, बनोट, प्रक्रियाका आधारमा शब्द वर्गीकरण गरी देखाइएको छ ।

## २.२.२ स्रोतका आधारमा शब्द वर्गीकरण

कुनै पनि भाषामा शब्दभण्डार रहेको हुन्छ ।ती शब्दभण्डारमा विभिन्न स्रोतगत शब्दहरू आएका हुन्छन् । विश्वमा धेरै भाषा परिवार छन् नेपाली भाषा तिनै भाषा परिवारमध्ये भारोपेली भाषा परिवारको सत्म वर्गको आर्य इरानेली शाखाको संस्कृत भाषाबाट विकसित भएको भाषा हो । त्यसैले यसको शब्दभण्डारमा संस्कृत स्रोतका शब्द बढि मात्रामा पाइन्छन् । स्रोत भनेको शब्द उत्पति भएको ठाँउ हो । भाषामा प्रयुक्त शब्द जुन मूल भाषाबाट आएका हुन । त्यसलाई शब्द स्रोत भनिन्छ । शब्द आगमनको मूल स्रोत पत्ता लगाइ त्यसकै आधारमा शब्दको वर्गीकरण गर्नु नै स्रोतका आधारमा शब्द वर्गीकरण हो । नेपाली भाषाको मूल स्रोत सस्कृत नै भए पनि यस भाषामा संस्कृत बाहेक अन्य देशभित्रका र बाहिरका विभिन्न भाषाबाट पनि प्रशस्त शब्द भित्र्याएका छन् । यही आधारमा नेपाली भाषाका शब्दलाई दुई प्रकारमा वर्गीकरण गरिन्छ ।

अ) मौलिक शब्द

आ) आगन्तुक शब्द

**अ) मौलिक शब्द**

मौलिक शब्द भन्नाले उत्तराधिकारीका रूपमा संस्कृतबाट नेपालीमा आएका शब्द हुन । संस्कृतबाट आएका शब्दहरू नेपालीमा प्रशस्त छन् ती शब्दलाई मौलिक वर्गमा राखिन्छ र मौलिक नेपाली शब्द भनिन्छ । संस्कृत स्रोत बाट नेपालीमा आएका मौलिक, शब्दलाई तत्सम र ततभव गरी दुई प्रकारका विभाजित गरिन्छ ।

**क) तत्सम शब्द**

संस्कृतबाट जस्ताको तस्तै अर्थात रूप नफेरिइकन आएका शब्दलाई तत्सम शब्द भनिन्छ । तत् भनेको त्यो अर्थात संस्कृत र सम भनेको बराबर अथवा समान भने हुन्छ । यस अघि तत्सम को अर्थ त्यो जस्तै लगाई जुनसुकै भाषाबाट आएका शब्दलाई तत्सम भन्ने गरिन्थ्यो , तर अहिले तत = त्यो (संस्कृत) , सम = जस्तै भन्ने अर्थ लगाइ माउ संस्कृतबाट जस्ताको तस्तै आएका शब्दलाई मात्र तत्सममा लिइन्छ । (पराजुली , २०५४ : १९) जस्तैः अंश, आत्मा, ईश्वर, शिक्षा, दिक्षा, बाल, पत्र आदि ।

**ख) तत्भव शब्द :**

नेपाली भाषाको माउ अर्थात् जननी भाषा संस्कृतबाट रूप फेरिएर आएको शब्द विशेषत : तत्भव शब्द हो । पुर्ख्यौली भाषा संस्कृतबाट प्राकृत, अप्रभंश हुदै रूप परिबर्तन गरी आएका शब्दलाई तद्भव भनिन्छ । तद्भव शब्दले मूल भाषाबाट नेपाली बन्दै विभिन्न रूप लिइसकेका छन् । नेपाली तद्भव शब्दलाई पहिले जुनसुकै भाषागत रूप फेरिएर र आएका शब्दलाई लिने गरिन्थ्यो । तर हाल तत् = त्यो (संस्कृत) भव = भएको भन्ने अर्थ लगाइ संस्कृतबाट रूप फेरिएर आएको शब्दलाई मात्र तद्भव शब्द भनिन्छ । यसभित्र झर्रा, ठेट, वा देशज शब्द पनि पर्दछन् । जस्तै पत्र-पात, कर्ण-कान, रक्त-रगत, आकाश-अकास  आदि ।

**आ) आगन्तुक शब्द**

आगन्तुक शब्द भन्नाले अन्य भाषाबाट पाहुनाका रूपमा नेपालीमा आएका शब्द बुझिन्छन् । आगन्तुक शब्दलाई पाहुना शब्द वा सापटि शब्द पनि भनिन्छ । भने हिन्दी भाषामा यसलाई उधार शब्द भनिन्छ । यस्ता खालका नेपाली भाषामा प्रयोग भएका सवै शब्दहरूको समष्टिलाई आगन्तुक शब्द भण्डार भनिन्छ । नेपाली भाषामा आगान्तुक शब्दहरू केही नेपालकै

अन्य मातृभाषाबाट आएका छन् भने केही शब्दहरू अन्य विदेशी राष्ट्रहरूबाट पनि भित्रिएका छन् । यस आधारमा आगन्तुक शब्द दुई प्रकारका छन् जुन निम्नानुसार उल्लेख गरिएको छः

क. देशज/स्वदेशी भाषा स्रोत

ख. विदेशज/विदेशी भाषा स्रोत

**क. देशज/स्वदेशी भाषा स्रोत**

देश भित्रकै विभिन्न भाषा, भाषिका तथा मातृभाषाबाट जस्ताको तस्तै आएका नेपाली शब्दलाई देशज आगन्तुक शब्द भनिन्छ । नेपाली भाषामा यस्ता शब्दहरू धेरैनै रहेका छन् जस्तै :

मैथिली :-पैनी, गाछि आदि

नेवारी :- लाखे, क्वाती, पसल, खाल, चाकु आदि

भोटेः- बख्खु, लामा, च्याङग्रा, डाँफे आदि

मगर :- आले, जाँड, बाउसे आदि

तामाङ :- सेलो, घेवा, डम्फु आदि

किराती :- लिम्बु, मुन्धुम, वाङ्देल, आदि ।

**ख) विदेशज विदेशी भाषा स्रोत**

नेपाली मातृभाषामा बोलिने भाषा भन्दा बाहेक अन्य विदेशी भाषाबाट नेपाली भाषामा आएका शब्दलाई विदेशज आगन्तुक शब्द भनिन्छ । आधुनिकता र वैज्ञानिकताको युग सँगसँगै नेपाली भाषामा विदेशी भाषा भित्रिने क्रम बढ्दो रूपमा छ । विदेशी भाषाबाट नेपाली भाषामा शब्द भित्रिने क्रममा केहि शब्द सामान्य परिवर्तत भएर त कुनै शब्द परिवर्तन नभई जस्ताको त्यस्तै भित्रिने गर्दछन् । यस आधारमा विदेशमा आगन्तुक शब्दलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

**क.परिवर्तित आगन्तुक**

**ख.अपरिवर्तित आगन्तुक**

(क) **परिवर्तिक आगन्तुक :** विदेशी भाषाबाट नेपाली भाषामा शब्द भित्रिदा परिवर्तन भई भित्रिने शब्दलाई परिवर्तित आगन्तुक शब्द भनिन्छ । यस प्रकारका शब्दमा केहि परिवर्तन वा अप्रभ्रंश भएको हुन्छ । जस्तै :

फारसी बाट : चालक, लगाम, आरम, आदि ।

पुर्तगालीबाट : अचार, कमिज, गोजि आदि ।

तुर्किबाट : कैंची, चम्चा आदि

अङ्ग्रेजीबाट : डाक्टर, टेबल, टिकट आदि

फ्रान्सेली बाट :- कर्फ्यू, कार्टुन, जज, डिलक्स आदि


(ख) **अपरिवर्तित आगन्तुक**

अन्य भाषाबाट जस्ताको जस्तै नेपाली भाषामा आएका शब्दलाई अपरिवर्तित आगन्तुक शब्द भनिन्छ । जस्तै तेक्वान्दो, क्याम्पस, फोटो आदि ।

### २.२.३ पदवर्ग (कार्यका आधारमा शब्दको वर्गीकरण)

कार्य भनेको व्याकरणात्मक कार्य हो । (शर्मा: २०५७, पृ. ५८) रचनाका दृष्टिले वाक्यमा शब्दको स्थान मुख्य हुन्छ । वाक्यमा कुन शब्दको काम के कस्तो हुन्छ भन्ने थाहा पाउन शब्द र तिनका विषयमा जान्नु आवश्यक हुन्छ । अर्थ निस्कने एक वा एक भन्दा बढि अक्षर पढ वा शब्द हुन । यी रूप फेरीने र नफेरीने दुई थरिका हुन्छन् । विकारी र अविकारी । बचत र विभक्तिका कारणले रूप फेरीने शब्द विकारी हुन । त्यसरी रूप नफेरीने शब्द अविकारी हुन ।

शब्दको कार्यलाई स्थुल रूपले तीन वर्गमा राखेर हेर्न सकिन्छ । जुन निम्नानुसार छन्:



नाम स्थानिक (नामको स्थान लिन सक्ने) वा नामसँग सम्बद्ध भई काम गर्ने हुँदा नाम, सर्वनाम र विशेषण नाम वर्गभित्र पर्दछन्, भने क्रियावर्गभित्र क्रियाको काम गर्ने यसकै विभिन्न भेदहरू र अब्ययभित्र क्रियायोगी, नामयोगी, संयोजक , विस्मयादिबोधक, र निपात पर्दछन् ।

वाक्यमा प्रयुक्त हुँदा रूपपरिवर्तन हुने र नहुने आधारमा पनि शब्दको वर्गीकरणगरिन्छ । यस आधारमा शब्द दुई प्रकारका हुन्छन् । एउटा विकारी (परिवर्तनशील) र अर्को अब्यय ( अपरिवर्तनशील)आदि ।

| | |
|---|---|
| विकारी | नाम, सर्वनाम, विशेषण, क्रिया, शब्द |
| अविकारी | क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात |

(शर्मा २०५७, पृ ५८)

**अ. विकारी शब्द** : व्याकरणात्मक कोटि (लिङ्ग,वचन, पुरुष,काल, पक्ष, भाव आदि) का आधारमा परिवर्तन हुने अथवा बवक्यमा प्रयुक्त हुँदा व्याकरणात्मक कोटिका आधारमा परिवर्तन गर्दा विकार आउने शब्दलाई विकारी पद भनिन्छ । यस अन्तर्गत नामिक पद र क्रिया पर्दछन् ।

**विकारीः** नाम, सर्वनाम विशेषण, क्रिया

**(क) नाम :-** कुनै पनि व्यक्ति वा वस्तु पदार्थ तथा यिनको गुण वा भाव बुझाउने शब्दलाई नाम भनिन्छ । कार्यका दृष्टिले यो वाक्यमा कर्ता, कर्म, पुरक भई आउने व्यक्ति स्थान वस्तु आदिलाई घुमाउने विशेषक निर्धारक कोटिकर लिन सक्ने तथा को र के भन्ने प्रश्नको उत्तरमा आउने शब्द वर्ग हो । जस्तै

को ? माया, आमा, दाई, बहिनी, भाउजु आदि ।

के ?माया , दया, बथान, सुन, गाई घर आदि ।

नाम मूर्त र अमूर्त वस्तुलाई चिनाउने प्रतिकात्मक सङ्केतक हो । नाममा पुरुषको भेद हुँदैन र यसका अगाडि विशेषणको प्रयोग हुन्छ । साथै नामको अर्थ निश्चित हुने गर्दछ । नामलाई संज्ञा पनि भनिन्छ । सामान्यता नाम ५ प्रकारका हुन्छन ती हुनः

(अ) व्यक्तिवाचक

(आ) जातिवाचक

(इ) समुहवाचक

(ई) द्रब्यवाचक

(उ) भाववाचक

(अ) **व्यक्तिवाचक नाम** : कुनै एक वा विशेष व्यक्ति वा वस्तु, स्थान, धारणा, आदि बझाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ । जस्तै रामेछाप अर्घाखाँचि, मुलपानी, भानुभक्र, लक्ष्मी प्रसाद, रामायण, सुर्य, मेची, महाकाली आदि ।

(आ) **जातिवाचक नाम :** एउटा मात्र वस्तु वा पदार्थलाई किटेर नबुझाई एउटा सिङ्गो जातिलाई बुझाउने नामलाई जातिवाचक नाम भनिन्छ । जस्तैः मानिस, महादेश, पक्षी, दरबार, नदी, चाड, किताव, फुल, रुख, हिमाल, आदि ।

(इ) **समूहवाचक नाम** :दुई वा दुईभन्दा बढी वस्तु वा व्यक्तिको समूह बुझाउने नामलाई समूहवाचक नाम भनिन्छ जस्तै : जोडा, जोर, युगल, थान, वथान, गण, वृन्द, संघ, जमात, हुल, गोलो, पोलो, पुञ्ज, डङ्गुर, झुप्पो आदि ।


(ई) **द्रव्यवाचक नाम** : नाप तौल गर्न सकिने र गन्न नसकिने पदार्थलाई बुझाउने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ । अर्को शब्दमा भन्दा कुनै पनि परिमेय पदार्थ बुझाउने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ । यसलाई पदार्थवाचक नाम पनि भनिन्छ । जस्तै : ग्याँस, हावा, सुन, चाँदी, तेल, पानी, औषधी आदि ।

(उ) **भाववाचक नाम :** पद जसले अदृश्य वा अमूर्त वस्तु एवम् मानसिक धारणा, अनुभूति तथा वस्तुको गुण, कार्य वा अवस्था बुझाउँछ ती पद नै भाववाचक नाम हुन् । कुनै व्यक्ति वा वस्तुको भावना, गुण, अवस्था, कार्य आदि जस्ता देख्न नसकिने मात्र अनुभव गर्न सकिने शब्दलाई भाववाचक नाम भनिन्छ जस्तै : माया, दया, घृणा, दुःख, रिस, क्रोध, पीडा, साहस, धैर्य आदि ।

(ख) **सर्वनाम :** नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । अर्को शब्दमा भन्दा नाम वा नामसमूहको पुनरुक्ति रोक्न त्यसको सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ । यो

नामसँग सन्दर्भित भएर आउँछ । नामको प्रयोग हुन सक्ने ठाउँ वा नामको सट्टामा प्रयोग हुन सक्नु सर्वनामको विशेषता हो । प्रकार्यका दृष्टिले यो वाक्यमा नामको सट्टामा वा नाम स्थानिक भई प्रयोग हुने र सम्बोधनबाहेक विभिन्न कारक र पुरुषमा प्रयोग हुने तथा उद्देश्य वा कर्ता, कर्म, पूरक भई उपस्थित हुने शब्दवर्ग हो ।

सर्वनामलाई सट्टेनाम पनि भनिन्छ । यसले नामको सट्टामा प्रयोग भई वाक्यलाई छोटो र मीठो बनाउने काम गर्दछ । सर्वनामले पुरुषलाई जनाउँछ । यो नाममूलक वाक्यमा सट्टामा पनि आउँछ । सर्वनाममा लिङ्गको भेद हुँदैन साथै सर्वनामको अर्थ अनिश्चित हुन्छ । सर्वनामको रूपायन वचन, पुरुष र कारकका आधारमा हुन्छ । सर्वनाम विकारी पदवर्गअन्तर्गत पर्दछ । सर्वनामका प्रकारलाई निम्नानुसार देखाइन्छ :



तृतीय पुरुषवाची
- सामान्य - यो, त्यो, ऊ, उनीहरू, यिनीहरू
- आदरवाची - यिनी, तिनी, उनी, उहाँ

**दर्शकवाचक सर्वनाम**
- समीपवर्ती/निकटवर्ती - यो, यी, यिनी
- दूरवर्ती - त्यो, ती, निज

सम्बन्धवाचक सर्वनाम
- निश्चित सम्बन्धवाचकः जो, जे, जुन
- अनिश्चित सम्बन्धवाचकः जोसुकै, जेसुकै, जुनसुकै

प्रश्नवाचक सर्वनाम
- निश्चित प्रश्नवाचक - को, के, कुन
- अनिश्चित प्रश्नवाचक - कोही, केही, कुनै

निजवाचक सर्वनाम : आफैं, आफू, स्वयम्

पारस्परिक सर्वनाम : आपस, एकआपस, एकअर्को, आ-आफू

(क) **पुरुषवाचक नाम :** नामको सट्टामा आई विभिन्न पुरुष वा व्यक्ति जनाउने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । यसलाई व्यक्तिवाचक सर्वनाम पनि भनिन्छ । पुरुषवाचक सर्वनाम निम्नलिखित तीन प्रकारका हुन्छन् ।

**(अ) प्रथम पुरुषवाचक सर्वनाम :** कुनै कुरा बोल्ने व्यक्ति वा वक्ताको सन्दर्भमा आउने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ,

जस्तै : म, हामी, मैले, हामीले, मलाई, हामीलाई ।

(अ) **द्वितीय पुरुषवाचक सर्वनाम :** वक्ताले बोलेको कुरा सुन्ने व्यक्ति वा श्रोताको सन्दर्भमा आउने सर्वनामलाई द्वितीय पुरुषवाचक सर्वनाम भनिन्छ, जस्तै :

आदररहित : तँ

सामान्य आदर : तिमी, तिमीहरू

उच्च आदर : तपाइँ

अत्युच्च आदर : हजुर, मौसुफ

**(इ) तृतीय पुरुषवाचक सर्वनाम :** अन्य व्यक्ति वा वक्ताले जसका बारेमा बोल्दछ त्यस्तो व्यक्तिका सन्दर्भमा आउने सर्वनामलाई तृतीय पुरुषवाचक सर्वनाम भनिन्छ, जस्तै :

सामान्य : यो, त्यो, ऊ

आदरवाची : उनी, यिनी, उहाँ

(ख) **दर्शकवाचक सर्वनाम :** कुनै व्यक्ति वा वस्तुलाई तोकेर देखाउँदा प्रयोग हुने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । जुन सर्वनामले नजिक वा टाढा रहेका व्यक्ति वा पदार्थलाइ तोकेर वा किटेर देखाउँछ त्यसलाई दर्शकवाचक सर्वनाम भनिन्छ । दर्शक सर्वनाम समीपवर्ती र दूरवर्ती गरी दुई प्रकारका हुन्छन् ।

(अ)समीपवर्ती : नजिकको व्यक्ति वा वस्तुलाई बुझाउने सर्वनामलाई समीपवर्ती सर्वनाम भनिन्छ,

जस्तै : यो, यी, यिनीहरू

(आ) **दूरवर्ती** : टाढाको व्यक्ति वा वस्तुलाई बुझाउने सर्वनामलाई दूरवर्ती सर्वनाम भनिन्छ,

जस्तै : त्यो, ऊ, ती, तिनी ।

(ग) **सम्बन्धवाचक सर्वनाम :** एउटा उपवाक्यको अर्को उपवाक्यसँग सम्बन्ध जोड्न आउने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । वाक्यमा कुनै नामपदका सट्टामा आई त्यस नामपदसँग सम्बन्ध स्थापना गर्ने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । सम्बन्धवाचक सर्वनाम दुई प्रकारको हुन्छ :

(अ) **निश्चित सम्बन्धवाचक :** निश्चित किसिमले कुनै व्यक्ति वा वस्तुलाई तोकेर नै बताउने सर्वनामलाई निश्चित सम्बन्धवाचक सर्वनाम भनिन्छ ।

जस्तै : जो, जे, जुन

(आ)**अनिश्चित सम्बन्धवाचक** : निश्चय गरेर कुनै व्यक्तिलाई नतोक्ने अर्थात् अज्ञान वा अनिश्चित व्यक्ति वा वस्तुलाई जनाउने सर्वनामलाई अनिश्चित सम्बन्धवाचक सर्वनाम भनिन्छ ।

जस्तै : जोसुकै, जेसुकै, जुनसुकै ।

**(घ) प्रश्नवाचक सर्वनाम :** कुनै व्यक्ति, वस्तु वा धारणाका बारेमा प्रश्न गर्ने सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ । यो दुई प्रकारको हुन्छ :

(अ) निश्चित प्रश्नवाचक सर्वनाम : निश्चित व्यक्ति वा वस्तुवारे प्रश्न पर्ने सर्वनामलाई निश्चित प्रश्नवाचक सर्वनाम भनिन्छ ।

(आ) अनिश्चित प्रश्नवाचक सर्वनाम : अज्ञात वा अनिश्चित व्यक्ति वा वस्तुबारे प्रश्न गर्ने सर्वनामलाई अनिश्चित प्रश्नवाचक सर्वनाम भनिन्छ,

जस्तै : कोही, केही, कुनै ।


(ङ) **निजवाचक सर्वनाम :** आफूलाई बुझाउने सर्वनामलाई निजवाचक सर्वनाम भनिन्छ ।

जस्तै : आफैँ, आफू, स्वयम्

(च) **पारस्परिक सर्वनाम :** आपस, एकआपस, एकअर्को, आ-आफू

**(ग) विशेषण :** नामको गुण, दोष, विशेषता जाहेर गर्ने शब्दलाई विशेषण भनिन्छ । नामसँग गरिने कुन, कस्तो, कति, कत्रो, आदि प्रश्नका उत्तरमा विशेषण आउँछ । विशेषणविशेष्य (नाम) को अघि र पछि दुवैतिर आउँछ तर पछि आउँदा यसले पूरकको काम गर्छ ।

प्रकार्यका दृष्टिले यो वाक्यमा नाम वा क्रियाको अगाडि आउने नाम वा सर्वनामको गुण, दोष, अवस्था, सङ्ख्या, परिमाण आदि बुझाउने कर्ता वा उद्देश्यको काम गर्ने, पूरक बन्ने, तुलनावोधक भएर प्रयुक्त हुने, नामको अर्थलाई स्पष्ट पार्ने, सीमित गर्ने, विस्तारित गर्ने कार्य गर्दछ । सामान्यतया : विशेषण गुणवाचक, परिमाणवाचक, सङ्ख्यावाचक र सार्वनामिक गरी चार किसिमका हुन्छन् । विशेषणलाई निम्नानुसार पनि देखाउन सकिन्छ -



(**क**) **गुणवाचक विशेषण** : नाम/विशेष्यको गुण वा विशेषता बताउने शब्दलाई गुणवाचक विशेषण भनिन्छ । नाम शब्दको गुण, दोष, रङ्ग, आकार, अवस्था, आदि बुझाउने वा कुन, कस्तो, कत्रो आदि प्रश्नको उत्तरमा आउने शब्दलाई गुणवाचक विशेषण भनिन्छ ।

जस्तै : बूढो, लाटो, असल, खराब, धनी, छुच्ची, ऊनी, चिसो, तातो आदि ।

(**ख**) **परिमाणवाचक विशेषण** : नाम/विशेष्यको यति, उति भन्ने मात्रा वा परिमाण बुझाउने शब्दलाई परिमाणवाचक विशेषण भनिन्छ ।

जस्तै : सारा, ज्यादा, धेरै, कति, यति, घटी, सबै आदि ।

(**ग**) **सङ्ख्यावाचक विशेषण** : नाम/विशेष्यको सङ्ख्या, क्रम, आवृति आदि बुझाउने र कति भनि प्रश्न गर्दा उत्तरमा आउने शब्दलाई सङ्ख्यावाचक विशेषण भनिन्छ ।

जस्तै : एक, तीस, दोब्बर, तेब्बर, प्रत्येक, हरेक आदि ।

सङ्ख्यावाचक विशेषण निम्नलिखित दुई प्रकारका हुन्छन् :

(**घ**) **निश्चित सङ्ख्यावाचक विशेषण** : नामको निश्चित सङ्ख्या बुझाउने विशेषणलाई निश्चित सङ्ख्यावाचक विशेषण भनिन्छ ।

जस्तै : एक, दुई, असी, सय, हजार आदि ।

(**ङ**) **अनिश्चित सङ्ख्यावाचक विशेषण** : नामको अनिश्चित सङ्ख्या बुझाउने विशेषणलाई अनिश्चित सङ्ख्यावाचक विशेषण भनिन्छ ।

जस्तै : सयौं, हजारौं, लाखौं, करोडौं, दुईचार, पाँचदस, पचासपचपन्न आदि

(**च**) **सार्वनामिक विशेषण** : नाम/विशेष्यको ठीक अगाडि आएर नामको विशेषता जनाउने वा विशेषणको काम गर्ने सर्वनाम शब्द सार्वनामिक विशेषण भनिन्छ । सार्वनामिक विशेषण तीन प्रकारका हुन्छन् :

(**अ**) **दर्शक सार्वनामिक विशेषण** : नामको विशेषता जनाउने दर्शक सर्वनामलाई दर्शक सार्वनामिक विशेषण भनिन्छ ।

जस्तै : ती, त्यो, उही, यही, यस्तो, त्यस्ता आदि ।

(आ) सम्बन्धवाचक सार्वनामिक विशेषण : नामको विशेषता जनाउने सम्बन्धवाचक सर्वनाम नै सम्बन्धवाचक सार्वनामिक विशेषण हुन् ।

जस्तै : जो, जुन, जति जोसुकै, जेजे, जुनजुन आदि ।

(इ) प्रश्नवाचक सार्वनामिक विशेषण : नामको विशेषता बताउने प्रश्नवाचक सर्वनाम नै प्रश्नवाचक सार्वनामिक विशेषण हुन् ।

जस्तै : कुन, के, को, कुनकुन, कति, कस्तो अदि ।

**(घ) क्रियापद :**

कर्ताले गर्ने कार्यव्यापार बुझाउनका साथै वाक्यमा कुनै काम, घटना, अवस्था आदि बुझाउने र वाक्य टुङ्ग्याउन सक्ने शब्द/पदलाई क्रियापद भनिन्छ । क्रिया वाक्यको महत्वपूर्ण घटक हो । भावाभिव्यक्तिमा क्रियापदको भूमिका प्रधान हुन्छ । क्रियालाई वाक्यमा समापक पदका रूपमा लिइन्छ र यसको अभावमा वाक्यले पूर्णता प्राप्त गर्न सक्दैन । क्रियापद सबैभन्दा बढी व्याकरणीय कोटिका आधारमा रूपायित हुने शब्द हो । रूपात्मक दृष्टिले क्रियाले काल, पक्ष, भाव प्रकट गर्दछ । यसको निर्माण धातु र प्रत्ययको मेलबाट हुन्छ ।

वाक्य व्यवस्थामा केन्द्रीय भूमिका निर्वाह गर्ने क्रियाले वाक्यमा आउने अन्य शब्दलाई सङ्गठित गर्नमा सबैभन्दा बढी जिम्मेवारी वहन गर्दछ । कुनै पनि काम हुने वा भएको बारेमा बुझाउने पद क्रियापद हुन् । क्रियापद विकारी पदवर्ग अन्तर्गत पर्दछ । यसको रूपायन लिङ्ग, वचन, पुरुष आदिका आधारमा हुन्छ । यो वाक्यको पूरक अङ्ग हो साथै यसलाई विधेयपद पनि भनिन्छ क्रियालाई वाक्य समापकता, अर्थ, प्रधानता, कर्मकता, संरचना, पूर्णताजस्ता विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ :-

समापकताका आधारमा
- समापिका : वाक्य टुङ्ग्याउने क्रिया (खान्छ, जान्छ, बस्छ)
- असमापिका : वाक्य नटुङ्ग्याउने क्रिया (खाएर, गएर, बसेर)

अर्थ प्रधानका आधारमा
- मुख्य क्रिया : मुख्य अर्थको क्रिया
- सहायक क्रिया : सहायक अर्थको क्रिया

(जस्तै 'खाँदैछ'
खाँदै : मुख्य)

कर्मकताका आधारमा
- सकर्मक : कर्म लिने क्रिया (खान्छ, पढ्छ, लेख्छ आदि)
- अकर्मक : कर्म नलिने क्रिया (थाक्छ, हास्छ, रुन्छ आदि)
- द्विकर्मक : दुईवटा कर्म लिने क्रिया (पढाउँछ, दियो)

संरचनाका आधारमा
- सरल : एउटा धातुबाट बनेको क्रिया (खान्छ, जान्छ, बस्छ, उठ्छ आदि)
- जटिल : एकभन्दा धेरै धातुबाट बनेको क्रिया (गरिसक्छ, खानुहुन्छ, जानुहुन्छ, उठिसक्छ आदि)

पूर्णताका आधारमा
- अपूर्ण : (पूरकापेक्षी क्रिया) पूरकको अपेक्षा गर्ने क्रिया -बनाउँछ
- पूर्ण : पूरकको अपेक्षा नगर्ने क्रिया (जान्छ, खान्छ आदि)

(क) **समापकताका आधारमा** : वाक्यलाई टुङ्ग्याउने र नटुङ्ग्याउने आधारमा क्रिया दुई प्रकारका हुन्छन् :

**समापिका क्रिया** : धातुमा काल, भाव आदि जनाउने प्रत्यय लागेर बनेका वाक्य टुङ्ग्याउन सक्ने क्रियालाई समापिका क्रिया भनिन्छ,

जस्तै : खान्छ, बस्छ, पढ्छ आदि ।

**असमापिका क्रिया** : धातुका पछाडि एर, नु, न, ने, तै, दै आदि जस्ता प्रत्यय लागेर बनेका क्रिया नै असमापिका क्रिया हुन् । वाक्यलाई नटुङ्ग्याउने वा टुङ्ग्याउन नसक्ने क्रियालाई असमापिका क्रिया भनिन्छ,

जस्तै : खाँदै, बस्न, पढ्नु आदि ।

(ख) अर्थ प्रधानताका आधारमा : अर्थ प्रधानका आधारमा क्रिया दुई प्रकारका हुन्छन् :

**मुख्य क्रिया :** दुई वा सोभन्दा क्रिया मिली बनेको क्रियामा अर्थ प्रधान हुने क्रियालाई मुख्य क्रिया भनिन्छ । वाक्यमा यिनको भूमिका प्रधान हुन्छ तर यिनले वाक्य पूरा गर्न चाहिँ सक्दैनन् ।

जस्तै : खाँदै छ, बसेका थिए, पढिसक्यो आदिमा रेखाङ्कित क्रियाहरू मुख्य क्रिया हुन् ।

**सहायक क्रिया :** मुख्य क्रियालाई सहायता गर्न आउने वा मुख्य क्रियाको अर्थ स्पष्ट पार्न आउने क्रियालाई सहायक क्रिया भनिन्छ र यिनले वाक्य पूरा गर्ने काम गर्दछ ।

जस्तै : खाँदै छ, बसेका थिए, पढिसक्यो आदिमा रेखाङ्कित क्रियाहरू सहायक क्रिया हुन् ।

(ग) **कर्मका आधारमा :** वाक्यमा कर्मको अपेक्षा गर्ने वा नगर्ने र एउटा वा दुईवटा कर्म लिने आधारमा क्रिया मुख्यतः तीन प्रकारका छन् :

**सकर्मक क्रिया :** कर्म लिने वा वाक्य पूरा गर्न कर्मको अपेक्षा गर्ने क्रियालाई सकर्मक क्रिया भनिन्छ ।

जस्तै : खा, पढ्, लेख, सार्, लैजा, पिट्, आदि ।

**अकर्मक क्रिया :** कर्म नलिने वा वाक्य पूरा गर्न कर्मको अपेक्षा नगर्ने क्रियालाई अकर्मक क्रिया भनिन्छ ।

जस्तै : बस्नु, आउनु, खोक्नु, रुनु, मर्नु आदि ।

**द्विकर्मक क्रिया :** दुईवटा कर्म लिने क्रियालाई द्विकर्मक क्रिया भनिन्छ ।

जस्तै : दियो, पठायो, पढाउँछन् आदि ।

(घ) **संरचनाका आधारमा :** वाक्य संरचनाका आधारमा क्रिया दुई प्रकारका हुन्छन् ।

**सरल क्रिया :** एउटा मात्र सामान्य धातुबाट बनेको क्रियालाई सरल क्रिया भनिन्छ ।

जस्तै : खान्छ, पढ्छ, जान्छ, सुत्यो आदि ।

**जटिल क्रिया :** दुई वा सो भन्दा बढि क्रियाहरू मिली बनेको क्रियालाई जटिल क्रिया भनिन्छ । यस प्रकारका क्रियामा एक भन्दा बढि क्रियाहरूको मिलान हुने हुनाले यसलाई मिलित क्रिया पनि भनिन्छ ।

जस्तैः खाईसकेछ, पढिसकेछ, सुतिसकिहालेछ  आदि ।

(ङ) **पूर्णताका आधारमा :** पूर्णताका आधारमा क्रिया दुई प्रकारका हुन्छन् ।

**अपूर्ण क्रिया :** पूरकको अपेक्षा गर्ने क्रियालाई अपूर्ण क्रिया भनिन्छ ।


यसलाई पूराकापेक्षी क्रिया पनि भनिन्छ ।

जस्तै : छ, थियो, हो आदि ।

**पूर्ण क्रिया :**पूरकको अपेक्षा नगर्ने क्रियालाई पूर्ण क्रिया भनिन्छ ।

जस्तै : खान्छ, बस्छ, जान्छ, आदि ।

आ. अविकारी शब्द :- व्याकरणात्मक कोटिका आधारमा रूप परिवर्तन नहुने अथवा वाक्यमा विकार नआउने पद नै अविकारी पद हो । यस अन्तर्गत अव्यय पर्दछन ।




**क्रियायोगि/क्रियाविशेषण :** क्रियापदको विशेषता बताउने अथवा क्रियासँग सम्बन्ध राख्ने र क्रियाको विशेषता बुझाउने शब्दलाई क्रियाविशेषण भनिन्छ । यसले क्रियापदको स्थान, समय,

परिमाण, रीति, कारण वा हेतु आदि सम्बन्धि विशेषता बताउँछ । वाक्यमा कहाँ कसरी कहिले कति किन आदि प्रश्नको उत्तरमा आउने शब्दलाई क्रियाविशेषण भनिन्छ । जस्तै

कहाँ? माथि, अगाडि, भित्र, यता, उता, आदि ।

कसरी ? राम्ररी, बेसरी, सुस्तरी, विस्तारै आदि ।

कहिले ? हिजो, आज, भर्खर, पोहोर आदि ।

कति ? धेरै, थोरै, प्रशस्त, अलिकति आदि ।

किन? पढ्न , लेख्न, खान, सुत्न आदि

क्रियाविशेषण मुख्यत पाँच प्रकारका हुन्छन् ।

**समयवाचक क्रियाविशेषण :** क्रियापदको काम भएको समयलाई बुझाउने क्रियाविशेषणलाई समयवाचक क्रियाविशेषण भनिन्छ ।

जस्तै आज, भोलि, भर्खर, उहिले, पर्सि, बेलुका, राति, सँधै आदि ।

**स्थानवाचक क्रियाविशेषण** : क्रियापदको काम भएको स्थान वा परिबेश बुझाउने क्रियार्विशषण लाई स्थानवाचक क्रियाविशेषण भनिन्छ ।

जस्तै : भित्र, बाहिर, तल , माथि, अगाडि, पछाडि, मुनि, वारी आदि ।

**परिमाणवाचक क्रियाविशेषणः** क्रियापदको कार्यको परिमाण वा मात्रा बुझाउने क्रियाविशेषणलाई परिमाणवाचक क्रियाविशेषण भनिन्छ ।

जस्तै : थोरै, धेरै, अलिकति, मनग्गे, ज्यादै, प्रशस्त, सवै आदि ।

**रीतिवाच क्रियाविशेषण** : क्रियापदको काम हुने तरिका वा प्रक्रिया बुझाउने क्रियाविशेषण लाई रितिवाचक क्रियाविशेषण भनिन्छ ।

जस्तै : राम्ररी, सुस्तरी, एक्कासी, तुरुन्त, चाँडै भट्टै, बेस्सरी  आदि ।

**कारणवाचक क्रियाविशेषणः** क्रियापदका कार्यको कारणलाई बुझाउन क्रियाविशेषणलाई कारणवाचक क्रियाविशेषण भनिन्छ ।

जस्तै : खान, पढ्नाले, नाच्न, खेल्न, लेखेकोमा, खोक्नाले आदि ।

(५) **नामयोगी :** नामिक पद सँग जोडिएर वाक्यभित्रका अन्य पदसँग सम्बन्ध स्थापित गर्ने विभक्तिवाहेकका अव्यय शब्दलाई नामयोगी भनिन्छ । मुख्यत नाम, सर्वनाम र विशेषणका

पछाडि तथा कहिलेकाहीँ अव्ययका पछाडि पनि विभक्तिसँगै जोडिन आउने शब्दलाई नामयोगी भनिन्छ, जस्तै : हिजोभन्दा, घरमाथि, तिमीसँग, खाटमुनि आदि ।

नामयोगि निम्नलिखित प्रकारका छन् ।

**समयवाचक नामयोगि :-** पहिले, वित्तिकै, अघि, पछि, पश्चात, उपरान्त, ताक आदि ।

**स्थानवाचक नामयोगि :** भित्र , वाहिर, तल , माथि, वर, पर, माफ तर्फ छेउ ।

**कारणवाचक नामयोगि** : कारण, निमित्त, निम्ति, लागि, खातिर आदि ।

**रीतिवाचक नामयोगि :** अनुसार, बमोजिम, भन्दा, मुताविक, झैं आदि ।

**अवधिवाचक नामयोगि :** पर्यन्त, मध्ये, सम्म, मात्र, केवल, आदि ।

**दिशावाचक नामयोगि :** तिर तर्फ पट्टि, सामुन्ने, आदि ।

**अभाववाचक नामयोगि :** विना, वाहेक, सिवाय, बेगर, अतिरीक्त आदि ।

**सहार्थवाचक नामयोगि :** सित, सँग, समेत, सहित साथै, आदि ।

**सटहीवाचक नामयोगि** : सट्टा, वापत, आदि

**संयोजक :** वाक्यभित्रका दुई वा सो भन्दा बढी शब्द शब्दावली तथा उपवाक्य जोड्ने अव्यय शब्दलाई संयोजक भनिन्छ ।

संरचनाका आधारमा संयोजक सरल र जटिल गरी दुई प्रकारको हुन्छ ।

**सरल संयोजक** : र वा या कि त अनि , पनि , तथा एवम् तर , तत्र, अतः, अर्थात, अन्यथा आदि ।

**जटिल संयोजक** : किनकी, किनभने, तापनि, यसकारण, त्यसकारण, तैपनि, यसैले, यसर्थ, तसर्थ, यसो हुनाले, त्यसो हुनाले, नभए, जव जवकी, जसले उसो भए आद ।

प्रयोगका आधारमा संयोजक सापेक्ष र निरपेक्ष गरी दुई प्कारका हुन्छन् ।

सापेक्ष संयोजक : मिश्र वाक्यभित्रका स्वतन्त्र उपवाक्य र अधिन उपवाध्य जोड्ने संयोजकलाई सापेक्ष संयोजक भनिन्छ ।

जस्तै : जव-तब, जहिले-तहिले, जसरी-तसरी, जो-त्यो, आदि सापेक्ष संयोजक हुन् ।

**निरपेक्ष संयोजक :-** संयुक्त वाक्यभित्रका स्वतन्त्र उपवाक्यलाई र वाक्यभित्रका दुई वा सो भन्दा बढी शब्द शब्दावली जोड्ने संयोजकलाई निरपेक्ष संयोजक भनिन्छ ।

**निरपेक्ष संयोजक :-** संयुक्त वाक्यभित्रका स्वतन्त्र उपवाक्यलाई र वाक्यभित्रका दुई वा सो भन्दा बढि शब्द, शब्दावली जोड्ने संयोजकलाई निरपेक्ष संयोजक भनिन्छ ।

जस्तैः र, त्यो, परन्तु, अथवा यद्यपि, एवम्, तथा, किन्तु, तसर्थ, यसर्थ, अनि, त्यसैले आदि निरपेक्ष संयोजक हुन् ।

**विस्मयाधिवोधक** : मानव मनमा उब्जने विभिन्न संवेग, (आश्चर्य, खुसी, दुःख, रीस, प्रशंसा आदि) लाई जनाउन प्रयोग गरिने अव्ययपदलाई विस्माधिवोधक भनिन्छ । विस्मयदिबोधकले विभिन्न अवस्थामा मानिसका मनमा उब्जेका विस्मय आश्चर्य हर्ष शोक, पीडा, घृणा सम्बोधन आदिलाई बुझाउँछ ।

जस्तै :- आहा, आहो, आम्मै, ए, अरे छि, ल. आदि ।

विस्मयादिवोधक निम्न प्रकारका छन् ।

आश्चर्यवाचकः ओहो, अरे, आप्पै, आम्मै, आदि ।

हर्षवाचक : आहा, धन्य, जय आदि ।

शोकवाचक : विचरा, कठै, ज्या, हा, ऐया, आत्थु आदि ।

प्रशंसावाचकः स्यावास्, वाह, क्यावात आदि ।

घृणावाचक : छिः, छ्या, धत, धिक्कार, थुक्क आदि ।

सम्बोधनवाचक : ए, ओ, ओइ आदि ।

**निपात** : आफ्नो खास अर्थ नहुने अथवा छुट्टै र स्वतन्त्र अर्थ नहुन तर वाक्यमा प्रयोग भई उक्त वाक्यमा रोचकता, मिठास भर्ने तथा वाक्यलाई घतलाग्दो एवम तिख्खर बनाउने अव्यय शब्दलाई निपात भनिन्छ । आफ्नो स्वतन्त्र अर्थ नभए पनि वाक्यमा विभिन्न धारणा , अनुभूति र अभिव्यक्तिलाई सहज ढंगले प्रकट गर्न सहयोग गर्ने र वाक्यमा भिन्नतासमेत ल्याउन सक्ने अव्यय शब्दलाई निपात भनिन्छ ।

निपात अविकारी अर्थात अब्यय पदवर्गअन्तर्गत पर्दछ । निपातले वाक्यस्तरमा प्रयुक्त हुँदा पदहरूसँगको सन्निकटताका आधारमा अर्थमा भिन्नता ल्याउँछ । निपात बाक्यमा प्रयुक्त भई भनाईमा जोड दिने र अर्थमा मिठान ल्याउने अव्यय पद हो । निपात बाक्यका सुरु, बिच र अन्तमा प्रयोग हुन्छन ।

निपातका प्रकारलाई निम्न आधारमा देखाउन सकिन्छ ।

**अक्षरको आधारमा**

एकाक्षरी निपात : अँ, ए, कि, क्या, त, नि, पो, खै, रे, लौ आदि ।

अनेकाक्षरी निपात : अरे, ब्यारे, हगि, आच्चे , चाहिने, चाइने, आदि ।

अर्थको आधारमा

सन्देहवाचक : कि, के, रे, लौ आदि ।

निश्चयवाचक : नि, पो, त, ता आदि ।

अनिश्चयवाचक : कि, क्यार, क्यारे, सके आदि ।

स्मरण वाचक : ए ।

आग्रहवाचक :- खै, नि, ल, हे आदि ।

परीक्षाकथनवाचक : रे, अरे ।

अपत्यारवाचक : अँ ।

सामर्थवाचक : नाइँ ।

थेगो :- चाइने जो, क्यानाम माने आदि ।

समग्रमा कार्यका आधारमा शब्द विकारी र अविकारी गरी दुई प्रकारका हुन्छन । विकारी अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयाधिबोधक र निपात पर्दछन् । यिनै नाम सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयाधिवोधक र निपात शब्दको समूहलाई शब्दवर्ग/पदवर्ग भनिन्छ ।

## २.२.४ शब्दको आवृत्तिक्रम

'आवृत्ति' शब्द वृत्ति नाम धातुमा 'आ' उपसर्ग लागेर बनेको एकाइ हो । आवृत्ति शब्दले दोहोरिनु वा पुनरावृत्ति हुनु भन्ने अर्थ दिन्छ । अथवा कुनै कुरालाई दोहोऱ्याएर पढ्नु वारम्बार अभ्यास गर्नु तथा पुनरावृत्ति गर्नुलाई आवृत्ति भनिन्छ । प्रस्तुत शोधकार्यको अनुसन्धेय समस्या समाधानका लागि कुन-कुन कथामा कुन-कुन शब्द कतिकति पटकसम्म दोहारिएका छन् भन्ने कुराको विवरण प्रस्तुत गर्नका लागि आवृत्ति गणना गरिएको छ । र यहाँ आवृत्तिले कथामा प्रयुक्त शब्दहरूको पटकपटक दोहोऱ्याएको स्थितिलाई देखाएको छ ।

यसरी 'आवृत्ति' शब्दको बारेमा दिइएका केही महत्त्वपूर्ण परिभाषाहरू यसप्रकार छन् :

(क) **आवृत्तिः**

१. कुनै पाठ वा मन्त्र आदि आद्योपान्त बढ्ने क्रिया प्रक्रिया, कुनै पाठ वा मन्त्रको सुरु देखि अन्त्य सम्मको वाचन ।

२.कुनै कुरामा वारम्वार गरिने अभ्यास दोहोऱ्याउने काम,

३. पुस्तकको मुद्रण वा प्रकाशनको संस्करण पुनः संस्करण (नेपाली वृहत् शब्दकोश, प्रथम संस्करण २०४०: पृ. १२०, नेपाल राजकीय पज्ञा प्रतिष्ठान) ।

**(ख) आवृत्तिः**

१. कुनै पाठलाई फेरि पढ्ने तथा दोहोऱ्याउने काम, कुनै कामलाई वारम्बार गरिएको स्थिति, अभ्यास, पुनरावृत्ति

२. पुस्तकको पुनः मुद्रण, पुनः प्रकाशन, पुन संस्करण (प्रयोगात्मक नेपाली शब्दकोश द्वितीय संस्करण, २०७०:पृ.१३१) ।

कुनै पनि पाठ वा सङ्कथनमा कुनै शब्द बारम्बार आउनु नै शब्दको आवृत्ति हो । पटक-पटक आवृत्तिमा आउने शब्दले आफैमा शब्दगत महत्त्व झल्काउँछ । कुनै पनि भाषिका माध्यम, शैली, तथा सन्दर्भले शब्दको आवृत्तिमा प्रभाव पार्दछ अथवा उपयुक्त आधारमा आवृत्तिको मात्रा कम वा बेसी हुन जान्छ । जस्तै ; हिजोका दिनमा धेरै प्रयोगमा आउने राजा, रानी, राजदरबार शब्द आजभोलि कम प्रयोग भएको पाइन्छ । त्यस्तै शब्द प्रयोगको क्षेत्र, विधागत विविधतामा शब्द प्रयोगको अवस्था र प्रयोगकर्ताको बानी र स्वाभावले पनि कुनै शब्दको आवृत्तिमा प्रभाव पार्दछ ।

यसरी कुनै पनि शब्द एउटै पाठ तथा अनुच्छेदमा पटक-पटक दोहोरिएको अवस्थामा पनि शब्द प्रयोगका दृष्टिले एउटै शब्दलाई फरक-फरक तरिकाले प्रयोग गर्ने सन्दर्भमा शब्दार्थ महत्त्वपूर्ण हुन्छ । साथै विद्यार्थीले पनि सन्दर्भअनुसार शब्द प्रयोगमा विविधता ल्याउन सक्ने भएकाले शब्दको आवृत्तिक्रमलाई महत्त्वपूर्ण मानिन्छ ।

# अध्याय तीन

## अध्ययनको विधि तथा प्रक्रिया

### ३.१ अध्ययनको ढाँचा

यस अध्ययनलाई पूर्णता दिन गुणात्मक ढाँचाको पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

### ३.२नमुना छनोट

यस अध्ययनलाई पूर्णता दिन स्रोतका आधारमा, पदवर्गका आधारमा र आवृत्तिका आधारमा शब्द भण्डारको अध्ययन छनोट गरिएको छ ।

### ३.३तथ्याङ्क संकलनका सामग्रीहरू

यस शोधकार्यलाई प्रभावकारी तरिकाले विश्लेषण गरी निष्कर्षमा पुग्न विभिन्न विधि तथा पद्धतिको अबलम्बन गर्नुपर्ने हुन्छ । यस शोधपत्रको सामग्री सङ्कलनको निम्ति पुस्तकालयीय विधि प्रयोग गरिनेछ । यसका लागि

दुई प्रकारका सामग्रीको प्रयोग गरिएको छ :

**(क) प्राथमिक सामग्री**

प्रस्तुत शोधपत्र कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा विधामा समाविष्ट शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेकाले कक्षा १० को नेपाली किताब र मा.वि. तहको पाठ्यक्रमलाई प्राथमिक सामग्रीको रूपमा लिइने छ ।

**(ख) सहायक/गौण सामग्री**

यस अध्ययनमा विभिन्न शब्दकोश, विभिन्न शब्दभण्डार सम्बन्धी शोधपत्र तथा यस सम्बन्धी पूर्वकार्यहरू र शोधनिर्देशक तथा अन्य व्यक्तिहरूका सल्लाह सुझावहरू

र शोधनिर्देशक तथा अन्य व्यक्तित्वहरूका सल्लाह सुझावहरू नै सहायक सामग्रीको रूपमा रहने छ ।

## ३.४तथ्याङ्क सङ्कलन विधि

यस शोध अध्ययनमा पुस्तकालयीय विधिको उपयोग गरिएको छ भने स्रोतका आधारमा सङ्कलन गरिएका शब्दहरूको अध्ययन विश्लेषणका क्रममा वर्णनात्मक, विश्लेषणात्मक तथा व्याख्यात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.५तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया

प्रस्तुत शोधकार्य कक्षा १० को नेपाली पाठ्यपुस्तकमा रहेका छायाँ खण्ड र नमूना अभ्यास बाहेकका तीन ओटा पाठहरूमा प्रयोग भएका शब्दहरूको विश्लेषण गर्नमा केन्द्रित रहेको छ । यस शोधपत्रमा मूल रूपमा पुस्तकालयीय र आंशिक रूपमाप्रयोगात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा कक्षा १० को पाठ्यपुस्तकसँग सम्बन्धित शब्दकोश, पत्रपत्रिका, लेखरचना आदिलाई गौण स्रोतका रूपमा लिई पाठ्यपुस्तकमा समाविष्टि शब्दहरूको सङ्कलन गरी तिनको स्रोत, वर्ग, आवृत्ति प्रयोग सान्दर्भिकता प्रस्तुत गरिएको छ ।

# अध्याय चारः

# छलफल तथापरिणाम

## ४.१ अध्ययनको परिणाम

कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकको कथा विधामा समावेश गरिएका तीन ओटा कथाहरूमा प्रयुक्त शब्द भण्डारहरूको अध्ययन पदवर्गको आधारमा, स्रोतको आधारमा र आवृत्तिको आधारमा प्रस्तुत शोधपत्रमा गरियो । यसरी अध्ययन गर्दा विभिन्न कथाहरूमा प्रयुक्त शब्दहरूको विश्लेषण तत् तत् पाठहरूमा छुट्टाछुट्टै रूपमा गरिएको छ । यहाँ ति सबै पाठहरूमा गरिएको शब्दभण्डार सम्बन्धी अध्ययनलाई समग्र रूपमा देखाउने प्रयास गरिएको छ ।

कक्षा १० को नेपाली पाठ्यपुसतकमा जम्मा तीनओटा कथाहरू समावेश गरिएका छन् । ती कथाहरूमा कर्तव्य, दोषी चस्मा र न्यायको पक्ष कथा रहेका छन् । ती तीनओटै कथाहरूमा गरेर कुल ३१६५ शब्दहरू रहेका छन् । यी शब्दहरू मध्ये कोशीय प्रविष्टि पाएका शब्दहरूको सङ्ख्या ८८५ रहेको छ ।

पदवर्गका आधारमा कक्षा १० मा कथा विधामा प्रयोग भएका शब्द सङ्ख्या

| **विवरण** | **नाम** | **सर्वनाम** | **विशेषण** | **क्रिया** |
|---|---|---|---|---|
| कर्तव्य | २३६ | १९ | ५९ | १२७ |
| दोषीचस्मा | ९८ | २५ | ३७ | ९३ |
| न्यायको पक्ष | ८८ | १८ | ३० | ३९ |
| जम्मा | ३२३ | ६२ | १२६ | १४९ |

पदवर्गको आधारमा प्रस्तुत पाठहरूमा सबैभन्दा बढी सङ्ख्या नाम वर्गको रहेको छ । नाम, कर्तव्य कथामा २३६ दोषीचस्मा कथामा ९८ र न्यायको पक्ष कथामा ८८ गरी जम्मा ३२३ रहेको छ । त्यसैगरी सर्वनाम शब्द कर्तव्य कथामा १९ दोषीचस्मा कथामा २८ र न्यायको

पक्ष कथामा १८ रहेको छ । विशेषण शब्द कर्तव्य कथामा ५९ दोषीचस्मा कथामा ३७न्यायको पक्ष कथामा ३० रहेको छ । क्रियाशब्द कर्तव्य कथामा १२७ दोषीचस्मा कथामा ९३ र न्यायको पक्ष कथामा ३९रहेको छ ।

स्रोतका आधारमा कक्षा १० मा कथा विधामा प्रयोग भएका शब्द सङ्ख्या

| **विवरण** | **तत्सम** | **तद्भव** | **आगन्तुक** |
|---|---|---|---|
| कर्तव्य | ८५ | ५१ | २२ |
| दोषीचस्मा | ४४ | ४५ | १७ |
| न्यायको पक्ष | १४ | ६६ | ३ |
| जम्मा | १४३ | १६२ | ४२ |

स्रोतका आधारमा प्रस्तुत पाठहरूमा सबैभन्दा बढी तद्भव शब्द रहेको छ । त्यसपछि क्रमशः तत्सम र आगन्तुक शब्द रहेको छ ।

कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयोग भएको शब्दलाई पदवर्गको आधारमा हेर्दा नाम शब्दहरूको प्रयोग बढी देखिन्छ । त्यसमा पनि नामको प्रकारका दृष्टिले व्यक्तिवाचक नाम, जातीवाचक र भाववाचक नामको सङ्ख्या बढी देखिन्छ । द्रव्य वाचक र समूहवाचक नामको प्रयोग कम देखिन्छ । वास्तवमा भाषापाठ्यपुस्तक तयार पार्दा त्यसमा दुई ओटा नामका प्रकारका नामको त्यति ख्याल नगर्नु कमजोर पक्ष देखिन्छ । सर्वनामका दृष्टिले विशेषणका दृष्टिले तीनै ओटा कथालाई एकै ठाउँमा राख्दा शब्द भण्डारको दृष्टिले उपयुक्त देखिन्छ ।

क्रियापदको दृष्टिले कथा विधामा रहेका शब्दभण्डारको अध्ययन गर्दा कथामा प्रयुक्त क्रियापदहरू सरल, संयुक्त, सकर्मक, अकर्मक, परकापेक्षि, द्वकर्मक, मुख्य र साहायक सवै क्रियापदकहरूको प्रयोग भएकाले उपयुक्त मान्न सकिन्छ ।

पदवर्गका दृष्टिले सबैपद वर्गलाई जोड दिइएको छ । त्यसैले पनि कक्षा १० को कथाहरू शब्दभण्डारको दृष्टिले उपयुक्त छ ।

कक्षा १० को कथा विधामा सामाजिक यथार्थवादी, पौराणीक र मनोवैज्ञानिक कथा भएकाले बढी मात्रामा तत्सम शब्दको प्रयोग देखिन्छ । क्रमशः तद्भव र आगन्तुक शब्द रहेका छन् ।

## ४.२ कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त शब्दभण्डारको पाठगत सङ्कलन र अध्ययन

कक्षा दशको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त शब्दहरूको अध्ययन गर्ने मुख्य ध्येय रहेको प्रस्तुत शोध अध्ययनको यस अध्याय तीनमा उक्त निबन्ध विधाबाट प्राप्त शब्दहरूको पाठगत सङ्कलन गर्ने कार्य गरिएको छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा जम्मा ३ वटा कथाहरू समावेश गरिएका छन् । त्यसमा कर्तव्य, दोषी चस्मा र न्यायको पक्ष गरी जम्मा ३ वटा कथाहरू समावेश गरिएका छन् । यस अध्यायमा ती ३ वटै कथामा प्रयुक्त शब्दहरूलाई वर्णानुक्रमानुसार राखी क्रमबद्ध ढङ्गले तल प्रस्तुत गरिएको छ ।

### ४.२.१ कर्तव्यकथामा प्रयुक्त शब्दहरू

(क) **नाम शब्दहरू :**

अंगालो, अग्रभाग, अङ्ग्रेजी, अड्डाखाना, अतित, अत्याचार, अदालत, अधिया, अधिवेशन, अनाथ, अनिष्ट, अनुहार, अन्तिम, अन्न, अन्याय, अपार, अल्लारे, अशक्त, अशुद्ध, असती, असल, आँगन, आइमाई, आकाश, आगो, आर्तनाद, आधा, आधार, आरम्भ, अशक्त, आशास्तम्भ, आशिष, आसु, आहारविहार, ओखतीमूलो, ओछ्यान, ओठ, औला, औषधी, ऋृचामन्त्र, एकलौटी, एकादशी, ऐनकानुन, कर्तव्य, कन्यापक्ष, काँध, काख, काजकल्याण, कान, कामाखोरण्डा, काम, कान्छा, किरिया, कीर्ति, कुकुर, कुटुम्ब, कुती, कुल, कुलो, कोलाहल, खोला, गरिब, गह, गाउँ, गाला, गृहकलह, गोडा, ग्रामपिता, ग्रामसभा, ग्रामीण, घटना, घर, चन्दा, चन्दाबुक, चाडवाड, चिउँडा, चिह्न, चुला, च्यादर, छाती, छोरा, छोरी, जनता, जन्त, जिउ, जिउनी, जीवन, जीवनकाल, जुँगा, झाराखेताला, टाउको, टीकाचन्दन, टुङ्गो, टोपी, ठिटा, ढोका, ढ्वाङ, तपस्या, तिलक, तिहार, थाती, दलान, दारी, दिन, दुनियाँ, दुलाहा, देहावसान, दोष, दोसल्ला, धाक, धनवन्तरि, धनी, धनीमानी, धर्म, धुवाँ, नस, नसनाता, नाउँ, नालिस, निधार, निरोपण, नेपाली, पगरी, पर्चा, पटुका, पण्डित, पशु, परिधान, पाजी, पानी, पाप, पिण्डपानी, पिता, पितृ, पुण्य,

पुरुष, पूजाकोठा, पूजापाठ, पोसाक, प्रख्यात, प्रगतिवादी, प्रधान, प्रशाव, प्रमूख, कलैचा, किराद, कुल, फैसला, बकपत्र, बकितम, बखत, बरियाली, बाकस, बाजा, बाजे, बाबु, बालवनिता, बिहा, बिहावर्तन, बुलबुल, बुढाबुढी, बुँदा, बुहारी बेसी, बैढक, भाइ, भाका, भोकानाङ्गा, भोको, भोज, मखमल, मङ्गलधुन, मण्डप, मत, मधेस, मरण, मलामी, महत्त्व, महाआत्मा, महापाप, महिना, मानमर्यादा, मानामुरी, मानिस, मालसर्जाम, माला, मुखिया, मौका, मौजा, यश, यज्ञसामग्री, युवावृद्धा, रीति, रेखी, लर्को, लट्ठी, लबेदा, लरलहमा, ललाट, लाखापाखा, लिखत, लिखितम्, लुलालङ्गडा, वरणी, विभक्त, विवाद, विश्वास, वेरामी, वैध, वैशाख, शरण, शव, शासनकाल, शिर, संस्कृत, संस्कृति, संसार, सङ्ख्या, सञ्चालक, सम्भना, सम्पत्ति, सदस्य, सभा, समचार, समाप्त, सम्धी, सत्य, साकार, साथी, साहु, सुरुवाल, हक, हर्ष, हाडछाला, हार, हुल्लडबाज, होचीअर्घेली ।

**(ख) सर्वनाम शब्दहरू**

आफु, उनले, उनको, उनी, उनैका, उही, कसैले, केही, कोही, कसैको, तिमी, त्यस, त्यही, त्यो, यति, यहि, यहाँ, यो, हामी

**(ग) विशेषण शब्दहरू**

अलि, असल, असीम, आफ्ना, आधा, उही, एउटा, कत्रो, गुलाफी, चौथाइ, चाँडो, टट्यानपुर, ठूलो, तल, तेजस्वी, त्यो, त्यस्तो, ती, दसौ, दह, दस, धनी, धनीमानी, धोके, धेरै, निकै, नौ, पहेँलो, पुजाकोठा, पैतालीस,प्रख्यात, प्रगतीवादी, प्रमुख, प्रधान, बडो, भोको, महात्मा, महान, मुसुमुसु, यति, यही, यस्तो, रातो, राम्रो, राम्राराम्रा, विपुल, वहुतै, वडो, विख्यात, साकार, सारा, साह्रै, साना, सधैं, सेतो, सानै, सुटुक्क, होची हुल्लडबाज ।

**(घ) क्रिया शब्दहरू**

छोडे, थिए, भन्थे, सम्भन्थे, पठाउँथे, दिन्थे, पुग्थे, थियो, आइपुग्थे, पाएन, आउँथे, समाउँथे, हाँस्थे, थिएन, भो, मरे भाँचियो, निथ्यो, ढल्यो, अस्थाए, लागे, पुग्यो, गर्थे, राख्दथे, हिँड्थे, बसेका थिए, थिएनन्, लगाउँथे, सार्थे, बुझ्दथे, खाए, गर्ने, पाउँथे, उठ्यो, खानु, हुन्, बोलाए, हुन्थ्यो, भए , गरे, बसेका हुन्, लागे, दिए, गर्नुपऱ्यो, देखेसुनेका छौँ, होइन, झस्कन्थे, छ, लिइन्छ, छन्, आए, सुनिन्थ्यो, पर्दथ्यो, परे, थाले, सकेनन्, छिनियो, थाले, देखिन्थ्यो,

बोलाएनन्, डाक्नुपर्थ्यो, डाकेनन्, हिँडे, चल्यो, हेरे, हुन्छ, जानु छ, परिरहेछ, आँटे, भएन, झिकिदेउ, हिँड्न,, नजाओस्, जान्छ, जानुपर्छ, हुन्, हिँड्न, लाग्यो, थाहा छैन, लागिरहेछ, भन्लान्, चिनेनन्, झिकिदेउ, आरम्भ भो, राखे, निस्के, बसाए, बसिदिनुभएहुन्थ्यो, ढोगिदिए, ताने, बस्न, गएको, चिन्दथे, सच्चाइदिन्थे, सिकाइदिन्थे, अन्माइदिए, हेरे, रहिछन्, भए, फर्के, पुग्यो, भित्र्याऊ, गरायौ, आउनुभयो, गयो, थिइन्, चाप्यो, पठाउनुभएको, रहेछन्, देखियो, लिइदिनुहोला, झारे, छाने, मच्चियो, गर्नुभएको छ, हुनेछन, बस्नुभएन, लैजान्छु, लिएर, सुनियो ।

'कर्तव्य' कथा गुरूप्रसाद मैनालीद्वारा लिखित सामाजिक यथार्थवादी कथा हो । प्रस्तुत कथामा कर्तव्य एक सामाजिक कथा हो, यस कथामा आफ्नो कर्तव्य र जिम्मेवारीबाट पन्छिनुहुँदैन, सम्पत्ति भन्दा मानवीय सम्बन्ध ठूलो कुरा हो भन्ने विषयलाई प्रस्तुत कथामा अघि सारिएको छ । प्रस्तुत कथामा ४८ अनुच्छेद रहेको छन् भने कोशीय प्रविष्टिमा आउने शब्दहरू ४२३ रहेका छन् । पदवर्गका आधारमा प्रस्तुत कथामा नाम शब्द २३७, सर्वनाम शब्द १९, विशेषण शब्द ५९ र क्रिया १२७ रहेको छन् ।

### ४.२.२दोषी चस्मा कथामा प्रयुक्त शब्दहरू

(क) **नाम शब्दहरू :**

अध्याँरो, अपराध, अभिवादन, अहङ्कार, आकाश, आँखा, आशा, आशाभरोसा, इखालु, इज्जत, इतिहास, उपदेश, उपयोग, उपाय, औला, कपाल, कम्मर, कल्पना, करुण, कसुर, कहतरा, कान, काबु, किताब, कोठा, कोमर, क्रोध, खर्पन, खुट्टा, गाँस, गोडा, ग्लानी, घटना, घडी, घुइचो, घोडा, घोडेजात्रा, चस्मा, चाकरी, चोट, जीवन, टाउका, ठो, डेग, ढुङ्गा, दया, दम, दाउरा, दिल, दृश्य, धर्मपत्नी, धान, धारणा, धुवां, नजर, नम्बर, निद्रा, निमकहरामी, निराश, निवारण, निश्चय, पर्खाल, पहाड, पश्चिम, पृथ्वी, प्रेरणा, बन्दोबस्त, बल, बाहुनी, बिछ्यौना, विराम, बुढी, बुईगल, बेकाम, भान्साघर, भान्सेवाहुन, भावना, भैँसी, मर्का, मन, मनसुबा, महत्त्व, मानिस, माफ, मोटर, रश्मि, रिस, लक्ष्मी, लुगा, वायु, वाणी, विषय, समाचार, सागर, साझ, सिद्ध, स्वष्टि, हात, दृश्य ।

(ख) **सर्वनाम शब्दहरू**

उनको, उनी, उनका, यस, त्यो, उनले, यो, त्यसै, यस, यहाँ, उहाँ, यो, म, आफु, त्यो, के, को, केही, त्यसो, त्यही, किन, उनले, कहीँ, हामी, यी ।

(ग) **विशेषण शब्दहरू**

अनुकूल, अन्नदाता, अनौठो, असल, आठ, इखालु, उत्सुक, कम, कति,करुण, कालो, केही, कोमल,क्रुद्ध,जाबो, जागृत,झुत्रे, ठुलो, डल्लो, त्यो, दयालु, दुई, दोषी, धेरै, नराम्रो, निकै, पवित्र, बडो, मानसिक, यत्रो, लखतरान, शान्त, सत्य,सबै, सानो,सुगन्धी,हतोत्साहित ।

(घ) **क्रिया**

थियो, सक्दैनथे, पर्थ्यो, भएछ, थिए, थिएन, जान्छे, बसिरहे, लोथ्यायो, लागे, डुन्थे, सकेनन्, सम्झे, पारेन, आयो, गरे, गयो, दियो, पुग्थ्यो, भए, बझे, छ, होला, गरेनन्, उठ्थ्यो, पुगे, सक्तिन, छटपटाइरहे, भएको छ, बुझाए, होइन, रिसाउनुहुन्छ, नसाट्नु, दिनुहुँदैन, देखेनन्, लागेन, भयो, भइहाल्छ, गरे, चाहिएन, गरिदियो, हिँडे, भरियो, पाइन्छ, पुग्यो, भइरहेको थियो, आइरहेको थियो, थाल्यो, गर्थे, मर्नुहुँदैन, बुझिदिनुपर्छ, मर्नुपर्छ, कामिरहेका थिए, पाऊँ, पर्छ, सोध्नुभयो, गयो, रहेछ, खोज्नुहुन्न, देख्न थाले, दिएन, बसे, बढाउनुभयो, ढाक्यो, पाए, भएछ, पल्टिए, पठाए, हुँदैन, पाएनन्, दिनुहुन्थ्यो, हुनुहुन्छ, ननिकाल्ने, पाइन्छ, सुनाए, रहेछौ, गालेछ, बिसाउनुपऱ्यो, पसारिए, खोजेनन्, थाल्यो, फुट्यो, बिताउनुपर्छ, खेल्छिन्, दगुर्नुपर्छ, छैन, भया, छ ।

'दोषी चस्मा' कथा कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित मनोवैज्ञानिक कथा हो । जसमा प्रचलित नेपाली उखान 'वनको बाघले खाओस् कि नखाओस् मनको बाघले खानु' लाई बढोसुन्दर ढङ्गले पुष्टि गरेका छन् । प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अध्ययन अनुसार प्रस्तुत कथामा कोशीय प्रविष्टि पाएका शब्द जम्मा २४७ छन् । जसमध्ये पदवर्गको आधारमा नाम शब्द९८, सर्वनाम शब्द २५, विशेषण शब्द ३७ र क्रियापद ९३ रहेका छन् ।

### ४.२.३ न्यायको पक्षको कथामा प्रयुक्तशब्दहरू

**(क) नाम शब्दहरू**

अपराध, अनुयायी, अन्धा, आवेश, आश्रम, आड, ओड, इसारा, ऋषि, कन्सिरी, कलियुग, काना, काम्थक, किनार, कुकर्म, खोला, गम्भीर, गुप्त, चित्र, जवाफ, जाली, जागेर, जुम्रा, डर, ढुङ्गा, तान, तालु, थुक, दाह्रा, देवता, दुध, देशनिकाला, दूत, द्वापरयुग, धौम्य, धोती, धर्मनीति, नदी, नीति, नाश, निर्धो, न्याय, पानी, पाण्डव, पुरोहित, पछुतो, पसिना, पक्ष प्रलयाग्नि, प्रचण्ड, फल, बुद्धिमान, बेली, बलियो, बह, भाउ, भैंसी, मानिस, मन, मिति, मुला, मध्याध्यस्नान, मुख, याद, राजनीति, राजगुदी, राज्य, रन्केको, लम्कीझम्की, वन, वर्ष, वनवास, विधिमुताविक, वृतान्त, विष, शोभा, शान्त, शासक, शङ्का, सरस्वती, स्वर्ग, स्थान, सर्प, सन्तान, सत्यानाश, सत्य, सन्ध्यास्नान, हात ।

**(ख) सर्वनाम**

त्यही, यिनी, तपाई, उनी, म, के, यहाँ, त्यसो, उनले, तिमी, आफैँ, मैले, तँ, को, तिनी, हाम्रो, त्यस्ता, हामी

**(ग) विशेषण**

अन्धा, अपूर्व,अलि, अलिअलि, आवेश, मीठो, कत्रो, काम्यक, गम्भीर, गुप्त, जाली, ज्यादै, दृढ, धीर,धुर्व, निकै,निर्दोष, निर्धो,पछुतो,पहिला,प्रचण्ड, बलियो, बाह्र, बुद्धिमानी,मुर्खता, रातो, राता,सारा, स्वच्छ, हजारौ,

**(घ) क्रिया शब्द**

हुन्छ, थियो, आइपुगे, देखे, गरे, छन्, भेट्टाए, जाऔँला, छ, हिँडिहाल्छु, लाग्यो, बुझ्नु, हुनु, भनिनन्, बुझ्नुभो, त्याग्नुहुन्छ, देखेको छु, भइस्, लिन्छु, लाग्छ, भन्नुहुन्छ, भन्यो, हुन्, हुन्छ, हुन्थ्यो, पठाउनु, भन्नु, हाँस्नु, पुऱ्याइदिउँला, बस्दिन, लाग्दिन, थिए, रहिछम्, आए, पाउनुभएछ, जाऔँला, भयो, हिँडे ।

न्यायको पक्ष कथा बदरीनाथ भट्टराईद्वारा लिखित पौराणिक कथा हो । जसमा “सत् नै न्याय हो ।” भन्ने विचार व्यक्त गरेको छ । प्रस्तुत कथामा कोशीय प्रविष्टि पाएका शब्द जम्मा

२३६ छन् जसमध्ये पदवर्गको आधारमा नाम शब्द ८८, सर्वनाम शब्द १८ विशेषण शब्द ३० र क्रियापद ३९ रहेका छन् ।

### ४.२.४ कर्तव्य कथामा प्रयुक्त शब्दहरूको स्रोत,बनोट, पदवर्ग र आवृत्तिको पहिचान

| शब्द | स्रोत | बनोट | पदवर्ग | आवृत्ति |
|---|---|---|---|---|
| अग्रभाग | तत्सम | अग्र+भाग | नाम | २ |
| अड्डाखाना | आगन्तुक | अड्डा+खाना | नाम | ४ |
| अत्याचार | तत्सम | अति+चार | नाम | ५ |
| अदालत | आगन्तुक | | नाम | २ |
| अधिँया | तद्भव | आधा+इँया | नाम | ६ |
| अधिवेसन | तत्सम | अधि+वेसन | नाम | २ |
| अनाथ | तत्सम | अ+नाथ | नाम | ४ |
| अनिष्ट | तत्सम | अन्+इष्ट | नाम | २ |
| अनुहार | तत्सम | अनु+हार | नाम | ५ |
| अन्तिम | तत्सम | अन्त+इम | नाम | ८ |
| अन्याय | तत्सम | अ+न्याय | नाम | ८ |
| अपार | तत्सम | अ+पार | नाम | ३ |
| असक्त | तत्सम | अ+शक्+त | नाम | ४ |
| अशुद्ध | तत्सम | अ+शुद्ध | नाम | ५ |
| असिति | तत्सम | अ+सत्+ई | नाम | ५ |
| असल | आगन्तुक | | नाम | ५ |
| आकाश | तत्सम | आ+काश | नाम | २ |

| | | | | |
|---|---|---|---|---|
| आर्तनाद | तत्सम | आर्त+नाद | नाम | २ |
| आधार | तत्सम | आ+धार | नाम | ४ |
| आरम्भ | तत्सम | आ+रम्भ | नाम | ३ |
| आशिष | तत्सम | | नाम | ४ |
| ओछ्यान | तद्भव | ओछ्याउ+न | नाम | ६ |
| औषधि | तत्सम | | नाम | ६ |
| ऋचामन्त्र | तत्सम | ऋचा+मन्त्र | नाम | ६ |
| एकलौटी | तद्भव | एकल+औटी | नाम | ४ |
| एकादशी | तत्सम | एकादश+ई | नाम | ३ |
| ऐनकानुन | आगन्तुक | ऐन+कानुन | नाम | ५ |
| कर्तव्य | तत्सम | | नाम | ३ |
| कन्यापक्ष | तत्सम | कान्या+पक्ष | नाम | ५ |
| काम | तत्सम | | नाम | ४ |
| कृति | तत्सम | कृत+ति | नाम | ४ |
| कुटुम्ब | तत्सम | | नाम | ३ |
| कुटी | तत्सम | कुट+ई | नाम | ५ |
| कुल | तत्सम | | नाम | ३ |
| कोलाहल | तत्सम | | नाम | ६ |
| गृहकहल | तत्सम | | नाम | ३ |
| ग्रमपिता | तत्सम | ग्राम+पिता | नाम | २ |

| | | | | |
|---|---|---|---|---|
| ग्रामसभा | तत्सम | ग्राम+सभा | नाम | ४ |
| ग्रामीण | तत्सम | ग्राम+ईन् | नाम | ३ |
| घटना | तत्सम | घटन्+आ | नाम | २ |
| चन्दा | आगन्तुक | | नाम | ४ |
| चन्दाबुक | आगन्तुक | | नाम | ५ |
| चाडवाड | तत्सम | चाड+बाड | नाम | ३ |
| चिन्ह | तत्सम | | नाम | ४ |
| जनता | तत्सम | | नाम | ४ |
| जिउनी | तद्भव | जिउ+नि | नाम | ५ |
| झाराखेताला | तद्भव | झार+खेताला | नाम | ३ |
| टोपी | तत्सम | टोप+ई | नाम | २ |
| ढोका | आगन्तुक | | नाम | ५ |
| तपस्या | तत्सम | तपस्+य+आ | नाम | २ |
| तीलक | तत्सम | | नाम | २ |
| थाती | तद्भव | थात्+ई | नाम | ४ |
| दलान | आगन्तुक | | नाम | ५ |
| दिन | तत्सम | | नाम | ३ |
| दुनियाँ | आगन्तुक | | नाम | ४ |
| देहावसान | तत्सम | देह+अवसान् | नाम | २ |
| दोष | तत्सम | | नाम | ४ |

| | | | | |
|---|---|---|---|---|
| दोषल्ला | आगन्तुक | | नाम | ३ |
| धनवन्त | तत्सम | धन+वन्त | नाम | १ |
| धर्म | तत्सम | | नाम | ३ |
| धुँवा | तद्भव | | नाम | ५ |
| नस | तद्भव | नसा+नाता | नाम | २ |
| नसनाता | तद्भव | | नाम | १ |
| नाउँ | तद्भव | | नाम | ३ |
| नालिस | आगन्तुक | | नाम | २ |
| निधार | तद्भव | | नाम | ४ |
| निरोपण | तद्भव | | नाम | १ |
| नेपाली | तद्भव | नेपाल+ई | नाम | ३ |
| पगरी | आगन्तुक | | नाम | २ |
| पर्चा | आगन्तुक | | नाम | ४ |
| पटुका | तद्भव | | नाम | २ |
| पण्डित | तत्सम | पण्डा+इत | नाम | २ |
| पशु | तत्सम | | नाम | ३ |
| परिधान | तत्सम | परि+धान | नाम | १ |
| पाजी | तद्भव | | नाम | ३ |
| पानी | तद्भव | | नाम | २ |
| पाप | तत्सम | | नाम | १ |

| | | | | |
|---|---|---|---|---|
| पिण्डपानी | तत्सम | पिण्ड+पानी | नाम | २ |
| पिता | तत्सम | | नाम | १ |
| पितृ | तत्सम | | नाम | ३ |
| पुण्य | तत्सम | पू+य | नाम | ३ |
| पुरुष | तत्सम | | नाम | ४ |
| पुजापाठ | तत्सम | पुजा+पाठ | नाम | ४ |
| पोसाक | तद्भव | | नाम | २ |
| फलैचा | तद्भव | फलक+ऐँचा | नाम | ३ |
| फिराद | आगन्तुक | | नाम | २ |
| फूल | तद्भव | | नाम | १ |
| फैसला | आगन्तुक | | नाम | २ |
| वखितम | तद्भव | बक+इत | नाम | १ |
| बखत | आगन्तुक | | नाम | १ |
| बरियाली | तद्भव | बरियात+ई | नाम | १ |
| बाकस | आगन्तुक | | नाम | २ |
| बाजा | तद्भव | | नाम | ३ |
| बाजे | तद्भव | | नाम | ४ |
| बाबु | तद्भव | | नाम | ५ |
| बालबनिता | तत्सम | | नाम | २ |
| बिहा | तद्भव | | नाम | ६ |

| | | | | |
|---|---|---|---|---|
| बुँदा | तद्भव | बुँद+आ | नाम | ३ |
| बुढाबुढी | तद्भव | बुढा+बुढी | नाम | २ |
| बुल्बुल् | आगन्तुक | | नाम | १ |
| बुहारी | तद्भव | | नाम | ४ |
| बेसी | तद्भव | | नाम | ४ |
| बैठक | तद्भव | | नाम | ३ |
| भाइ | तद्भव | | नाम | ३ |
| भाका | तद्भव | | नाम | ३ |
| मखमल | आगन्तुक | | नाम | २ |
| मङ्गलधुन | तद्भव | | नाम | ३ |
| मण्डप | तत्सम | मण्ड+प | नाम | ५ |
| मत | तत्सम | मन्+त | नाम | ३ |
| मधेस | तद्भव | मध्य+देश | नाम | २ |
| मरण | तत्सम | मृ+अण | नाम | ३ |
| मलामी | तद्भव | मलाम+ई | नाम | ३ |
| महत्व | तत्सम | महत्+त्व | नाम | २ |
| महापाप | तद्भव | महा+पाप | नाम | ३ |
| मानमर्यादा | तत्सम | | नाम | ४ |
| मानामुरी | तत्सम | माना+मुरी | नाम | २ |
| मानिस | तद्भव | | नाम | ६ |

| | | | | |
|---|---|---|---|---|
| मालसरजाम | आगन्तुक | | नाम | २ |
| माला | तत्सम | | नाम | २ |
| मुखिया | तद्भव | | नाम | ६ |
| मौका | आगन्तुक | | नाम | ३ |
| मौजा | आगन्तुक | | नाम | २ |
| यश | तत्सम | | नाम | २ |
| यज्ञसामग्री | तत्सम | यज+न+सामग्री | नाम | ३ |
| रिति | तत्सम | री+ति | नाम | ३ |
| रेखी | तत्सम | रेखा+ई | नाम | १ |
| लर्को | तद्भव | | नाम | १ |
| लठ्ठी | तद्भव | | नाम | २ |
| लबेदा | आगन्तुक | | नाम | २ |
| ललाट | तत्सम | | नाम | ३ |
| लिखत | तत्सम | लिख्+अत | नाम | २ |
| लिखितम | तत्सम | | नाम | २ |
| विभिक्त | तत्सम | वि+भज+ती | नाम | ३ |
| विवाद | तत्सम | वि+वाद | नाम | ४ |
| विश्वाश | तत्सम | वि+श्वास | नाम | २ |
| वैशाख | तत्सम | | नाम | ३ |
| शरण | तत्सम | शृ+अण | नाम | २ |

| | | | | |
|---|---|---|---|---|
| शव | तत्सम | | नाम | २ |
| शासनकाल | तत्सम | शास्+अन+काल | नाम | ३ |
| शिर | तत्सम | | नाम | ४ |
| संसार | तत्सम | सम्+सार | नाम | ३ |
| संस्कृत | तत्सम | सम्+कृत | नाम | २ |
| संस्कृति | तत्सम | सम्+कृति | नाम | ३ |
| सङ्ख्या | तत्सम | सम्+ख्या | नाम | २ |
| सम्झना | तद्भव | सम्झ+ना | नाम | १२ |
| सत्य | तत्सम | | नाम | २ |
| सदस्य | तत्सम | सद्स+य | नाम | १ |
| सभा | तत्सम | | नाम | १ |
| सम्पत्ति | तत्सम | सम्+पद्+ति | नाम | १ |
| सम्धी | तद्भव | | नाम | २ |
| साथी | तद्भव | साथ+ई | नाम | २ |
| साहु | तद्भव | | नाम | ३ |
| सुरुवाल | तद्भव | | नाम | २ |
| हक | आगन्तुक | | नाम | १ |
| हर्ष | तत्सम | | नाम | २ |
| हाडछाला | तद्भव | हाड+छाला | नाम | २ |
| हार | तत्सम | | नाम | २ |

| | | | | |
|---|---|---|---|---|
| होचीअर्घेली | तद्भव | | नाम | १ |

### ४.२.५ दोषी चस्मा कथामा प्रयुक्त शब्दहरूको स्रोत, बनोट, पदवर्ग र आवृत्तिको पहिचान

| **शब्द** | **स्रोत** | **बनोट** | **पदवर्ग** | **आवृत्ति** |
|---|---|---|---|---|
| अँध्यारो | तद्भव | | नाम | ३ |
| अपराध | तत्सम | अप+राध | नाम | ४ |
| अभिवादन | तत्सम | अभि+वादन | नाम | २ |
| अहङ्कार | तत्सम | अहम्+कार | नाम | २ |
| आँखा | तद्भव | | नाम | ५ |
| आशा | तत्सम | | नाम | ४ |
| आशाभरोसा | तत्सम | आशा+भरोसा | नाम | २ |
| इज्जत | आगन्तुक | | नाम | ३ |
| इतिहास | तत्सम | इति+ह+आस | नाम | २ |
| उत्तर | तत्सम | उत्+तर | नाम | ४ |
| उद्देश्य | तत्सम | उत्+दिश+य | नाम | ३ |
| उपदेश | तत्सम | उप+देश | नाम | २ |
| उपाय | तत्सम | | नाम | ३ |
| कपाल | तत्सम | | नाम | २ |
| करुणा | तत्सम | करुण+आ | नाम | २ |
| कल्पना | तत्सम | कल्प+अन+आ | नाम | १ |

| | | | | |
|---|---|---|---|---|
| कष्ट | तत्सम | कष्+त | नाम | २ |
| कसुर | आगन्तुक | | नाम | ३ |
| काबु | आगन्तुक | | नाम | १ |
| क्षमायाचना | तत्सम | क्षमा+याचना | नाम | १ |
| खर्पन | आगन्तुक | | नाम | ३ |
| खेत | तद्भव | | नाम | २ |
| खोजीनिती | तद्भव | खोजी+निधो+ई | नाम | १ |
| गाँस | तद्भव | | नाम | ३ |
| गुण | तत्सम | | नाम | २ |
| गोडा | तद्भव | | नाम | ४ |
| गोलबोली | तद्भव | गोल+बोली | नाम | १ |
| ग्लानी | तत्सम | | नाम | १ |
| घटना | तत्सम | घटन+आ | नाम | २ |
| घर | तद्भव | | नाम | ४ |
| घोडेजात्रा | तद्भव | घोडा+जात्रा | नाम | १ |
| चस्मा | आगन्तुक | | नाम | ९ |
| चाकरी | आगन्तुक | चाकर+ई | नाम | ४ |
| चित्त | तत्सम | | नाम | २ |
| चिन्ता | तत्सम | चिन्त+आ | नाम | ३ |
| चोट | तद्भव | | नाम | १ |

| | | | | |
|---|---|---|---|---|
| छाक | तद्भव | | नाम | १ |
| झिस्मिसे | तद्भव | | नाम | १ |
| टाढा | तद्भव | | नाम | १ |
| टाप | तद्भव | | नाम | १ |
| टेक | तद्भव | | नाम | ३ |
| डर | तद्भव | | नाम | १ |
| डेग | तद्भव | | नाम | २ |
| ढुङ्गा | तद्भव | | नाम | २ |
| ढिपी | तद्भव | | नाम | २ |
| दम | आगन्तुक | | नाम | ३ |
| दया | तत्सम | | नाम | ४ |
| दही | तद्भव | | नाम | ३ |
| दाउरा | तद्भव | | नाम | १ |
| दिल | आगन्तुक | | नाम | १ |
| दृश्य | तत्सम | दृश्+य | नाम | ४ |
| धर्मपत्नी | तत्सम | धर्म+पत्नी | नाम | २ |
| धान | तद्भव | | नाम | १ |
| धारणा | तत्सम | धारण+आ | नाम | २ |
| धुलो | तद्भव | | नाम | ३ |
| नजर | आगन्तुक | | नाम | २ |

| | | | | |
|---|---|---|---|---|
| नाताकत | आगन्तुक | ना+ताकत | नाम | १ |
| निद्रा | तत्सम | | नाम | २ |
| निर्धक्क | तद्भव | | नाम | ३ |
| निराश | तत्सम | निर+आशा | नाम | २ |
| पर्खाल | तद्भव | | नाम | १ |
| पवित्र | तत्सम | पू+इत्र | नाम | २ |
| पहाड | तद्भव | | नाम | १ |
| पृथ्वी | तत्सम | | नाम | १ |
| प्रस्थान | तत्सम | प्र+स्थान | नाम | २ |
| प्रेरणा | तत्सम | प्रेर+अन+आ | नाम | १ |
| बन्दोबस्त | आगन्तुक | | नाम | २ |
| बादल | तद्भव | | नाम | १ |
| बाहुनी | तद्भव | बाहुन+ई | नाम | ३ |
| बिछ्यौना | तद्भव | विछ्याउ+ना | नाम | २ |
| बिराम | तद्भव | | नाम | १ |
| बिहान | तद्भव | | नाम | २ |
| बुइगल | आगन्तुक | | नाम | २ |
| भान्साघर | तद्भव | भान्सा+घर | नाम | १ |
| भान्सेबाहुन | तद्भव | भान्सा+बाहुन | नाम | १ |
| भावना | तत्सम | भाव्+अव+आ | नाम | १ |

| | | | | |
|---|---|---|---|---|
| मन | तद्भव | | नाम | १ |
| मनसुवा | आगन्तुक | | नाम | १ |
| महल | आगन्तुक | | नाम | २ |
| मानिस | तत्सम | | नाम | २ |
| माफी | आगन्तुक | माफ+ई | नाम | २ |
| मुढो | तद्भव | | नाम | १ |
| मोटर | आगन्तुक | | नाम | ४ |
| युक्ति | तत्सम | युज+ति | नाम | २ |
| रश्मि | तत्सम | | नाम | १ |
| राती | तद्भव | | नाम | २ |
| लखतरान | तद्भव | लाख+त्राण | नाम | १ |
| लक्ष्मी | तत्सम | | नाम | २ |
| वाणी | तत्सम | वण्+ई | नाम | १ |
| वायु | तत्सम | | नाम | १ |
| विलम्ब | तत्सम | वि+लम्ब | नाम | १ |
| विषय | तत्सम | वि+सय | नाम | २ |
| साइस | तद्भव | | नाम | १ |
| समाचार | तत्सम | सम्+आचार | नाम | २ |
| सल्लाहा | आगन्तुक | | नाम | २ |
| सवारी | आगन्तुक | सवार+ई | नाम | २ |

| | | | | |
|---|---|---|---|---|
| साइत | तद्भव | | नाम | १ |
| सातो | तद्भव | | नाम | १ |
| सिँढी | तद्भव | | नाम | ३ |
| सीमा | तत्सम | | नाम | १ |
| सुख | तत्सम | | नाम | १ |
| सूर्य | तत्सम | | नाम | १ |
| स्पर्श | तत्सम | | नाम | २ |
| स्वस्ति | तत्सम | सु+अस्ती | नाम | ४ |
| हात | तद्भव | | नाम | २ |

### ४.२.६न्यायको पक्ष कथामा प्रयुक्त शब्दहरूको स्रोत, बनोट, पदवर्ग र आवृत्तिको पहिचान

| **शब्द** | **स्रोत** | **बनोट** | **पदवर्ग** | **आवृत्ति** |
|---|---|---|---|---|
| अचम्म | तद्भव | अ+चम्म | नाम | १ |
| अनुयायी | तद्भव | अनु+यायी | नाम | १ |
| अन्न | तद्भव | | नाम | २ |
| अन्याय | तद्भव | अ+न्याय | नाम | ४ |
| अपराध | तद्भव | अप+राध | नाम | २ |
| आकार | तद्भव | आ+कार | नाम | १ |
| आगो | तद्भव | | नाम | ३ |
| आङ | तद्भव | | नाम | १ |

| | | | | |
|---|---|---|---|---|
| आश्रम | तत्सम | आ+श्रम | नाम | ३ |
| इसारा | आगन्तुक | | नाम | १ |
| उत्सुक्ता | आगन्तुक | उत्+सुकता | नाम | १ |
| ऋषि | तत्सम | | नाम | २ |
| कड्केर | तद्भव | कड्+केर | नाम | १ |
| कन्सिरी | तद्भव | कान्+सिरी | नाम | २ |
| कलियुग | तत्सम | | नाम | २ |
| काना | तद्भव | | नाम | २ |
| किनार | तत्सम | | नाम | ३ |
| कुलाङ्गार | तद्भव | कुल्+अङ्गार | नाम | १ |
| गम्भीर | तत्सम | गम्+भीर | नाम | १ |
| चराचुरुङ्गी | तद्भव | चरा+चुरुङ्गी | नाम | १ |
| चाल | तद्भव | | नाम | ३ |
| चित्त | तद्भव | | नाम | २ |
| छिटा | तद्भव | | नाम | १ |
| जुम्रो | तद्भव | | नाम | १ |
| ज्यान | तद्भव | | नाम | १ |
| ढुङ्गा | तद्भव | | नाम | २ |
| तालु | तद्भव | | नाम | १ |
| दाह्रा | तद्भव | | नाम | १ |

| | | | | |
|---|---|---|---|---|
| दूध | तद्भव | | नाम | २ |
| दृढ | तद्भव | | नाम | ३ |
| देउता | तत्सम | | नाम | १ |
| द्वापरयुग | तत्सम | | नाम | २ |
| धर्मनीति | तद्भव | धर्म+नीति | नाम | ३ |
| धीर | तत्सम | | नाम | १ |
| धूर्त | तद्भव | | नाम | १ |
| धोती | तद्भव | | नाम | २ |
| धौम्य | तद्भव | | नाम | ५ |
| नदी | तद्भव | | नाम | ३ |
| निधो | तद्भव | | नाम | २ |
| निन्याउरो | तद्भव | | नाम | १ |
| निश्चय | तद्भव | निः+चय | नाम | २ |
| न्याय | तद्भव | नि+आय | नाम | ३ |
| पक्ष | तत्सम | | नाम | ४ |
| पछुतो | तद्भव | | नाम | २ |
| परिणाम | तद्भव | परि+नाम | नाम | १ |
| पसिना | तद्भव | | नाम | १ |
| पाण्डव | तत्सम | | नाम | ३ |
| पानी | तद्भव | | नाम | १ |

| | | | | |
|---|---|---|---|---|
| पिशाचनीति | तत्सम | पिसाच+नीति | नाम | १ |
| पुरोहित | तत्सम | पुरस+हित | नाम | २ |
| प्रकृति | तत्सम | प्र+कृति | नाम | १ |
| प्रलयाग्नी | तद्भव | प्रलय+अग्नि | नाम | १ |
| प्रयाश्चित | तद्भव | | नाम | १ |
| बाटो | तद्भव | | नाम | ३ |
| बेली | तद्भव | | नाम | १ |
| भण्डार | तद्भव | | नाम | १ |
| भैँसी | तद्भव | | नाम | १ |
| मनपेट | तद्भव | मन+पेट | नाम | १ |
| मानिस | तद्भव | | नाम | ३ |
| मिति | तद्भव | | नाम | १ |
| मुख | तद्भव | | नाम | १ |
| मुर्खता | तद्भव | मूर्ख+ता | नाम | ३ |
| रन्केको | तद्भव | | नाम | १ |
| राजगद्दी | तद्भव | राज+गद्दी | नाम | १ |
| राजनीति | तत्सम | राज्य+नीति | नाम | २ |
| राज्य | तद्भव | | नाम | १ |
| वन | तत्सम | | नाम | ३ |
| वर्ष | तद्भव | | नाम | २ |

| | | | | |
|---|---|---|---|---|
| विस | तद्भव | | नाम | १ |
| शङ्का | तद्भव | | नाम | १ |
| शासक | तद्भव | | नाम | २ |
| शुद्ध | तद्भव | | नाम | १ |
| शोभा | तद्भव | | नाम | १ |
| सन्तान | तद्भव | | नाम | १ |
| सर्प | तद्भव | | नाम | १ |
| साफ | तद्भव | | नाम | १ |
| सारा | तद्भव | | नाम | १ |
| सुस्केरा | तद्भव | | नाम | १ |
| स्वाद | तद्भव | | नाम | १ |
| हात | तद्भव | | नाम | १ |

## अध्याय पाँचः

# निष्कर्ष, सारांश रप्रयोग

## ५.१निष्कर्ष

कुनै पनि विषयवस्तुको अध्ययनमा दिइने निचोड नै निष्कर्ष हो । यसबाट परिक्षण गर्न खोजिएको कुरा अल्पसमयमा नै परिक्षण गर्न सकिन्छ । यसमा सम्पूर्ण विषयवस्तुलाई समेटिएको हुन्छ । विस्तृत रूपमा लेखिएको ग्रन्थका बारेमा पनि निष्कर्षले तत्काले जानकारी दिन सक्छ । पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन एक कठिन कार्य हो । हाम्रो जस्तो बहुभाषिक देशमा नेपालीलाई दोस्रो भाषाको रूपमा अध्ययन गर्ने विद्यार्थीहरू ज्यादै छन् । त्यसैले देशका सवैलाई समेट्ने खालको भाषिक शब्द चयन गर्नु अपरिहार्य हुन्छ ।

(क) कक्षा १० को तत्सम शब्दहरू ज्ञान दिने हिसावले पौराणीक कथा उपयुक्त नै देखिन्छ, भने लोक जीवनमा उपयुक्त हुने शब्दहरूको ज्ञान दिनका लागि कक्षा १० मा पनि लोक कथा समावेश गर्नु उपयुक्त हुने देखिन्छ ।

(ख) आयमको दृष्टिले समाजिक यथार्थवादी कथा ठुलो भएपनि समग्रमा सवै कथाहरू मध्यम खालको नै पाइएको छ ।

(ग) मनोवैज्ञानिक कथा भएकाले ठाउँ-ठाउँमा केही क्लिष्ट शब्दको प्रयोग पाइन्छ जुन माध्यमिक तहका लागि अनुपयुक्त रहेको छ ।

घ) निर्दिष्ठ कथा विधामा क्रमशः अ,स,व वर्णवाट प्रारम्भ भएका शब्दहरूको प्रयोग अत्याधिक देखियो ।

ङ) न्यायको पक्ष कथामा तद्भव शब्दको प्रयोग बढी पाइएको छ ।

(च) पदवर्गका दृष्टिले हेर्दा नाम वर्गका शब्दहरू सबैभन्दा बढी त्यसपछि क्रमशः विशेषण, क्रिया, सर्वनाम, संयोजक र निपात प्रयोग भएको पाइयो ।

## ५.२ सारांश

भाषा सिकाउनुको प्रमुख उद्देश्य भाषिक सीपमा अभ्यास गराउनु हो । भाषिक सीप विकासको लागि शब्दभण्डार ज्ञानको अहम् भूमिका रहेको छ । यसको लागि पाठ्पुस्तकमा शब्दभण्डार प्रयोगमा विशेष ध्यान पुऱ्याउनु पर्छ । शब्द ज्ञान दिँदा जानेका शब्दहरूको साथै नयाँ शब्दहरूलाई पाठमा प्रयोग गर्दा उपयुक्त हुन्छ ।

पद वर्गका दृष्टिले प्रयुक्त प्रस्तुत कथामा प्रयुक्त शब्दहरू हेर्दा विभिन्न प्रकारका नाम, पदवर्गका शब्द, अत्याधिक देखिन्छ । त्यसपछि अव्यय वर्गका अनि विशेषण वर्गका शब्दहरू धेरै रहेका छन् । त्यसैगरी विभिन्न रूपका विद्यार्थीको स्तर अनुकूल संयुक्त र मिलित क्रियापदहरू प्रयोग भएका छन् । त्यस्तै सर्वनाम पद आवश्यकता अनुसार नै रहेको देखिन्छ । स्तरअनुसार मनोवैज्ञानिक कथा समावेश गर्नु पनि उपयुक्त रहेको देखिन्छ ।

यसैगरी सामाजिक यथार्थवादी कथा भएकाले नेपाली ठेट शब्दहरूको प्रयोग पनि रहेको पाइन्छ । आवृत्ति गणना गरी यस पाठमा प्रयुक्त शब्दहरूको अध्ययन गर्दा सरल र सजिला शब्दहरूको नै वढी आवृत्ति भएको पाइन्छ । गाह्रा शब्दहरूको आवृत्ति खासै भएको छैन । त्यसैले आवृत्तिको कोणबाट प्रस्तुत पाठ त्यति उपयुक्त देखिदैँन् ।

## ५.३ प्रयोग

गहिरो अध्ययन वाट तयार पारिएको प्रस्तुत शोधको प्रयोग विभिन्न कार्यका लागि गर्नसकिने अपेक्षा राखिएको छ । यस शोधलाई नीति निर्माता र प्रयोग तहका लागि निम्ननुसार उपयोग गर्न सकिन्छ :

### (क) नीति निर्माताका लागि

माध्यमिक तहमा समाविष्ट कथा विधामा प्रयुक्त शब्दहरूको अध्ययनका आधारमा नेपाली भाषा पाठ्यपुस्तकमा रहेका शब्दसँग सम्बन्धित कमिकमजोरी हटाउन र पुस्तकलाई उत्कृष्ट र तह सुहाउँदो बनाउन निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छः

(१) विद्यार्थीको शब्दभण्डारमा वृद्धि गर्न सघाउ पुऱ्याउने एक मुख्य स्रोत तथा साधन भाषा पाठ्यपुस्तक भएको हुँदा पाठ्यपुस्तकमा प्रयोग गरिने शब्दविद्यार्थीको उमेर, रुचि, क्षमता, स्तर आदिलाई ध्यानमा राखि समावेश गरिएको हुनुपर्ने ।

२) भाषिक व्यवहार तथा भाषिक सीपको विकासमा जोड दिन उपयुक्त र पर्याप्त शब्दभण्डार समावेश गरिनुपर्ने ।

३) भाषापाठ्यपुस्तकका विभिन्न विधाहरूमा शब्दहरूको चयन गर्दा छनोट र स्तरणको सिद्धान्तलाई उपयुक्त ढङ्गले परिपालन गरिनु पर्ने,

४) शब्दहरूको छनोट गर्दा दैनिक व्यवहारमा प्रयोग हुने शब्दहरूलाई प्राथमिकता दिनुपर्ने,

५) तद्भव एवम् ठेट नेपाली शब्दहरूको अधिक प्रयोग गर्नुपर्ने,

६) स्तरणको सिद्धान्तअनुसार हरेक तहमा २० प्रतिशत नयाँ शब्दहरू थप्दै लैजानुपर्ने र वाँकी ८० प्रतिशत शब्द भने तल्लो तहकै पुनरावृत्ति गराउनु पर्ने ।

७) बालबालिकाको स्तर अनुरूप सुहाउँदा बहुप्रचलित र उपयोगी शब्दहरूको चयन गरिनु पर्ने,

८) कथा विधाका पाठमा प्रशस्त मात्रामा उखान टुक्का तथा अनुकरणात्मक शब्दको प्रयोग गरिनु पर्ने ।

**(ख) प्रयोग तहका लागि**

यस शोधकार्यबाट कथा विधा अध्यापन गराउने शिक्षक, पढ्ने विद्यार्थीलाई शब्दको स्रोत, पदवर्ग तथा अनुपात पहिल्याउन मद्दत मिल्नेछ । साथै भावी शोधार्थीलाई आंशिक रूपमा भएपनि यो अध्ययन उपयोगी हुनेछ भन्ने लागेको छ ।

**(ख) अनुसन्धानकर्ताका लागि थप शीर्षकहरू**

(क) बनोट र रूपायनका दृष्टिले माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

(ख) कक्षा ११ को ऐच्छिक नेपालीको कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन,

(ग) शब्द आवृत्तिका दृष्टिले उ.मा.वि. तहको अनिवार्य नेपालीको अध्ययन,

(घ) नि.मा.वि तहको नेपाली पाठ्यपुस्तक अन्तर्गत प्रयुक्त मौलिक शब्दभण्डारको अध्ययन आदि ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, केशबराज (२०६०)*कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन*अप्रकाशित स्नातकोत्तर शोधपत्रकीर्तिपुरः नेपाली शिक्षा विभाग ।

अधिकारी, विमला (२०६७) *कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्दहरूको अध्ययन*अप्रकाशित स्नातकोत्तर शोधपत्रकीर्तिपुरः नेपाली शिक्षा विभाग ।

अधिकारी,हेमाङ्गराज (२०४९) *समसामयिक नेपाली व्याकरण* काठमाडौँः कुन्जल प्रकाशन ।

अधिकारी,हेमाङ्गराज (२०६२) *नेपाली भाषा शिक्षण*काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र वद्रिविशाल भट्टराई(२०७०) *प्रयोगात्मक नेपाली शब्दकोश (दोस्रो संस्करण)* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, होमप्रसाद (२०५४) *कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन*अप्रकाशित स्नातकोत्तर शोधपत्रकीर्तिपुरः नेपाली शिक्षा विभाग ।

कार्की,निलु (२०६८) *माध्यामिक तहको भाषा पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डारको अध्ययन*अप्रकाशित स्नातकोत्तर शोधपत्रकीर्तिपुरः नेपाली शिक्षा विभाग ।

दुवाडी, दयाराम (२०६२) *कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन*अप्रकाशित स्नातकोत्तर शोधपत्रकीर्तिपुरः नेपाली शिक्षा विभाग ।

पराजुली,कृष्णप्रसाद (२०५४) *राम्रो रचना मीठो नेपाली,* काठमाडौँः सहयोगी प्रेस ।

पोखरेल,बालकृष्ण (२०६०) *नेपाली बृहत शब्दकोश,* काठमाडौँः ने.रा.प्र.प्र.।

बास्तोला, मैयाकुमारी (२०५९) *कक्षा सातको पाठ्यपुस्तकका कथा र जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन* अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुरः नेपाली शिक्षा विभाग ।

भट्टराई, रामप्रसाद (२०६५) *भाषिक अनुसन्धान विधिःपरीचय र प्रयोग,* काडमाडौँः शुभकामना प्रकाशन प्रा.लि.।

भण्डारी, पारसमणि (२०६५) *अनिवार्य नेपाली ,* काठमाडौँ : सुकुन्द पुस्तक भवन ।

भण्डारी, पारसमणि, रामनाथ ओभ्ता र डोलराज अर्याल (२०६८) *भाषिक अनुसन्धान विधि,* वागबजारः पिनाक पब्लिकेशन प्रा.लि. ।

लम्साल रामचन्द्र र अन्य (२०६६) *नेपाली भाषा शिक्षण,* वागबजार काठमाडौँः भुँडिप्रकाशन ।

शर्मा,केदारप्रसादर माधवप्रसाद पौडेल (२०६७) *नेपाली भाषा र साहित्य शिक्षण* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

साउद, शंकर सिंह (२०६५) *नि.मा.वि. तहमा प्रयोग भएका कथा विधाका शब्दभण्डारको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपालीभाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, सीता(२०५६) *कक्षा ६ को नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन* अप्रकाशित स्नातकोत्तर शोधपत्रकीर्तिपुरः  नेपाली शिक्षा विभाग ।